राष्ट्रिय 'क' वर्गको पत्रिका
नेपाल सम्वत् ११४५
असार कृष्ण द्वितीया
www.missiontodaynews.com
# मिसन टुडे
'सूचनामा तपाईंसँगको साझेदारी'
राष्ट्रिय दैनिक
काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित

**नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।**

**नियमित स्वास्थ्य परीक्षण किन ?**
- प्राणघातक रोगहरूको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

**त्यसैले,**
- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रूपमा परीक्षण गराऔं,
- स्वस्थ र निरोगी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष : १५, अंक ३४६ पृष्ठ ८ शुक्रबार ३० जेठ २०८२ (FRIDAY 13 JUNE 2025) मूल्य रु. १० E-mail: missiontodaydaily@gmail.com विज्ञापन र समाचारका लागि: ९८४८२६२०२६

# घुमुवा प्रहरीसहितले असुली गरेको पाँच लाख फिर्ता

थ्रिस्टार मोबाइल पसलबाट असुली गरेको पाँच लाख रूपैयाँ प्रहरी सहायक हवलदार मोहम्मद सफिक खान, प्रहरी सहायक हवलदार परमानन्द बर्मा, सशस्त्र प्रहरी जवान रामसुन्दर चौधरी, मोबाइल तथा इलेक्ट्रोनिक्स व्यवसायी संघ बाँकेका अध्यक्ष गोबिन्द भण्डारी र आफूलाई पत्रकार तथा भ्रष्टाचार विरुद्धको अभियान्ता बताउने सूर्यप्रसाद रिजालले फिर्ता गरेका छन् । असुली गरेको रकम फिर्ताका लागि सोमबार नेपालगन्जको टांगा स्टेशसनमा खान, बर्मा र चौधरीले भण्डारी र रिजाललाई उक्त रकम दिएका थिए । सो रकम उनीहरुले सोमबार अपरान्ह पसलमा नै पुगेर फिर्ता गरेका हुन् ।

कृष्ण ओली
*बाँके, २९ जेठ*

कोहलपुर नगरपालिका- ११ मा रहेको एक पसलबाट नेपाल प्रहरी र सशस्त्र प्रहरीका घुमुवा लगायतको संग्लनतामा असुल गरिएको पाँच लाख रूपैयाँ फिर्ता गरिएको छ । डरत्रास देखाएर नेपाल प्रहरीका दुई, सशस्त्र प्रहरीका एक र अन्य दुई जना गरी पाँच जनाको समूहले कोहलपुरको पुरानो बसपार्क नजिकै रहेको थ्रिस्टार मोबाइल पसलबाट पाँच लाख रूपैयाँ असुली गरेका थिए ।

मोबाइल पसलबाट पाँच लाख रूपैयाँ असुल गर्नेमा प्रहरी सहायक हवलदार मोहम्मद सफिक खान, प्रहरी सहायक हवलदार परमानन्द बर्मा र सशस्त्र प्रहरी जवान रामसुन्दर चौधरी रहेका छन् । खान र बर्माद्वय लुम्बिनी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआइजी) राजेन्द्रप्रसाद भट्टले बाँके, बर्दिया जिल्ला हेर्नेगरी खटाएका घुमुवा प्रहरी हुन् । दुवैजनाको दरबन्दी प्रहरीको लागूऔषध ब्युरोमा रहेपनि डीआइजी भट्टले दुई जिल्ला हेर्नेगरी मौखिक रूपमा जिम्मा दिएका थिए ।

त्यस्तै अर्का चौधरी चौलिकामा रहेको सशस्त्र प्रहरी बल नम्बर ३० गणबाट खटिएका सशस्त्र प्रहरीका घुमुवा हुन् । यो घटनामा आफूलाई पत्रकारसमेत बताउने मोबाइल तथा इलेक्ट्रोनिक्स व्यवसायी संघ बाँकेका अध्यक्ष गोबिन्द भण्डारी र आफूलाई पत्रकार तथा भ्रष्टाचार विरुद्धको अभियान्ता बताउने दैलेख घर भई हाल नेपालगन्ज बस्दै आएका सूर्यप्रसाद रिजाल संग्लन थिए । दुवै जनाले बिचौलियाको भूमिका निर्वाह गरेको बताइन्छ ।

मंगलबारको अंकमा मिसन टुडेले 'प्रहरीकै संग्लनतामा व्यवसायीबाट पाँच लाख असुली' शीर्षकमा समाचार प्रकाशन गरेको थियो । मोबाइल पसलका एक कर्मचारीका अनुसार बिचौलियाको काम गर्ने आफूलाई पत्रकारसमेत बताउने संघका अध्यक्ष भण्डारी र रिजालले नै जेठ २६ गते अपरान्ह थ्रिस्टार मोबाइल पसलमा नै पुगेर पाँच लाख रूपैयाँ असुली गरेका हुन् ।

जेठ २१ गते बुधबार अपरान्ह पाँच लाख रूपैयाँ असुली गर्ने क्रममा समेत घुमुवा प्रहरीसँगै उनीहरूको उपस्थिति रहेको थियो । घुमुवा प्रहरीसँग योजना बनाएर उनीहरूले पाँच लाख रूपैयाँ असुली गरेको आंशका गरिएको छ ।

पसल सञ्चालकले समेत डर धम्की दिएर उनीहरूले असुल गरेको पाँच लाख रूपैयाँ फिर्ता पाएको मिसन टुडेलाई जानकारी दिए । 'पाँच लाख रूपैयाँ संघका अध्यक्षले ल्याएर पसलमा बुझाउनुभएको हो,' पसल सञ्चालकले भने, 'उहाँसँग अर्का व्यक्तिसमेत झोलामा पैसा लिएर आएका थिए ।' पैसा बुझाउन संघका अध्यक्षसँगै रिजालसमेत पैसा राखेको झोला समातेर मोटरसाइकलको पछाडी बसेर पुगेका थिए ।

रिजालले समेत मिसन टुडेसँग कुरा गर्दै आफू संघका अध्यक्षले भनेपछि उहाँसँगै गएर झोला पसलमा छोडेको बताए । 'संघका अध्यक्ष ज्यूले भनेपछि मोटरसाइकलको पछाडी बसेर गएर उहाँले नै दिएको झोला पसलमा छोडेको हुँ,' उनले भने, 'त्यहाँभित्र के

बाँकी दोस्रो पृष्ठमा...



## रकम असुल्ने तीन प्रहरीसहित पाँच पक्राउ

शुभाकर विश्वकर्मा
*कोहलपुर (बाँके), २९ जेठ*

कोहलपुरको थ्रिस्टार मोबाइल पसलबाट लागूऔषधसहित लगायतका मुद्दामा फसाइदिने भन्दै रकम असुली गर्ने तीनजना घुमुवा प्रहरीसहित पाँचजना पक्राउ परेका छन् । पसलका सञ्चालकलाई डर, धम्की देखाएर ५ लाख रूपैयाँ असुली गर्ने कार्यमा संलग्नको आरोपमा तीनजना घुमुवा प्रहरीसहित अन्य दुई जनालाई इलाका प्रहरी कार्यालय कोहलपुरले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय बाँकेका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक यमबहादुर बुढामगरले दिएको जानकारी अनुसार पक्राउ पर्नेमा प्रहरी सहायक हवलदार मोहम्मद सफिक खान, प्रहरी सहायक हवलदार परमानन्द बर्मा, सशस्त्र प्रहरी जवान रामसुन्दर चौधरी रहेका छन् ।

उनका अनुसार यस्तै पक्राउ पर्नेमा आफूलाई पत्रकारसमेत बताउने मोबाइल तथा इलेक्ट्रोनिक्स व्यवसायी संघ बाँकेका अध्यक्ष गोबिन्द भण्डारी र आफूलाई पत्रकार तथा भ्रष्टाचार विरुद्धको अभियान्ता बताउने दैलेख घर भई नेपालगन्ज बस्ने सूर्यप्रसाद रिजाल रहेका छन् ।

पक्राउ परेकाहरूविरुद्ध मोबाइल पसल सञ्चालकले आफूलाई विभिन्न मुद्दामा फसाइदिने डरत्रास देखाएर पाँच लाख रूपैयाँ जबरजस्ती असुलेको भन्दै बुधबार इलाका प्रहरी कार्यालय कोहलपुरमा किटानी जाहेरी दिएको प्रहरी नायब उपरीक्षक (डीएसपी) लक्ष्मी खनालले जानकारी दिइन् । उनीहरूविरुद्ध किटानी जाहेरी परेपछि बाँकेका विभिन्न स्थानबाट उनीहरूलाई बुधबार र बिहीबार पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय बाँकेका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक बुढामगरले घटनामा संलग्न रहेका गोबिन्द भण्डारीलाई कोहलपुर नगरपालिका- ११ गोलपार्कबाट बुधबार साँझ साढे सात बजेको समयमा पक्राउ गरिएको जानकारी दिए । उनका अनुसार बुधबार रातिनै दैलेखको दुल्लु नगरपालिका- २ घर भइ हाल नेपालगन्ज उपमहानगरपालिका- २ मा बस्दै आएका सूर्यप्रसाद रिजाललाई पुष्पलाल चोकबाट पक्राउ गरिएको थियो ।

बाँकी दोस्रो पृष्ठमा...

# विद्युत् अनियमित हुँदा नागरिक आक्रान्त

गजेन्द्र गुरुङ
*नेपालगन्ज (बाँके) २९ जेठ*

बाँकेमा पछिल्ला केही दिनदेखि बढेको गर्मीका कारण यहाँका नागरिकको जीवन कष्टकर बन्दै गएको छ । देशकै अत्यधिक गर्मी हुने मध्येको एक ठाउँ बाँकेको सदरमुकाम नेपालगन्जमा दैनिक विद्युत् आपूर्ति अनियमितता हुँदै आएको छ । दैनिकरूपमा विद्युत् अनियमितता हुँदा यहाँका सर्वसाधारण नागरिकहरू आक्रान्त बनेका छन् । नेपालगन्जमा बढ्दै गइरहेको गर्मीमा विद्युत् सेवासमेत अनियमितता हुँदा नागरिकहरू आक्रान्त बनेका हुन् ।

विगत केही दिनदेखि ४० डिग्री सेल्सियस आसपासको चर्को गर्मी खेपिरहेका नागरिकले विद्युत् कार्यालयले नियमितरूपमा विद्युत् आपूर्ति नगर्दा र झ्यापझ्याप बत्ती काट्ने समस्या झेलिरहेका छन् । नेपालगन्जका स्थानीयले विद्युत् कार्यालयले चर्को गर्मीमा पनि विद्युत् नियमित आपूर्ति नगरेको भन्दै सामाजिक सञ्जालमार्फत् चर्को विरोध जनाइरहेका छन् । अत्यधिक गर्मीका साथै उम्सोबाट पीडित बनेका नेपालगन्जवासीहरूले विद्युत् कार्यालयले नियमितरूपमा विद्युत् आपूर्ति गर्नुपर्ने माग राखेका छन् ।



नेपालगन्जका युवा हरित अभियन्ता हेमन्तराज काफ्लेले विद्युत् कार्यालयले अतिनै दुःख दिने गरेको बताए । उनले यस्तो चर्को गर्मीमा पनि नियमित विद्युत् आपूर्ति नगरेर जनतालाई अत्यन्तै पीडा दिएको र तत्काल विद्युत् समस्या समाधान गरी नियमित आपूर्ति गर्न आग्रह गरे ।

'त्यसैपनि यस्तो गर्मीमा हामी नागरिकहरू पीडामै छौँ, त्यसमाथि विद्युत्ले आफ्नो मनलाग्दी बत्ती काटेर हैरान पारेको छ, रातिमा सुत्नै नसक्ने अवस्था छ, रातिमा ढिलासम्म सुत्न नपाउँदा बिहान अबेरसम्म सुत्नुपर्दा दैनिक कामकाजमा पनि असर पुगेको छ ।' उनले भने, 'हाकिम सा'बहरूलाई फोन गर्‍यो उठ्दैन, एकजना हाकिमले त साँझ पर्ने बित्तिकै अफिसियल नम्बर सिस्टममा हाल्नुहुन्छ, एक रिङ घण्टी जान्छ त्यसपछि बिजी छ भनेर भन्छ, जवाफदेही हुनुहुन्न, जनता प्याकप्याक भएका छन्, उहाँहरू भने फोनसमेत उठाएर जानकारी गराउनुहुन्न ।'

अर्का स्थानीय ललित रौनियारले फेसबुकमार्फत् लेख्छन्, 'नेपालगन्ज विद्युत्ले के खोजेको हो ? यदि लोडसेडिङ हो भने घोषण गर, यो १/१ मिनेटमा आउने जाने कारणले उपभोक्ताको घरायसी विद्युतीय उपकरणहरू जलिरहेका छन् । भोल्टेज पनि छैन् । समस्या के

बाँकी दोस्रो पृष्ठमा...



# पूर्वी लुम्बिनीसम्म फैलियो मनसुन



**मिसन संवाददाता**
*नेपालगन्ज, २९ जेठ*

जेठ १५ मा कोशी प्रदेशमा पुगेर देशका बाँकी भूभागमा फैलिन नसकेको मनसुनी वायु १४ दिनपछि फैलिएर पूर्वी लुम्बिनीसम्म आइपुगेको छ। मनसुन पश्चिम नेपालमा फैलिन अझै केही दिन लाग्ने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जानकारी दिएको छ।

बिहीबार बुलेटिन जारी गर्दै महाशाखाले मनसुनी वायु कोशी प्रदेशको बाँकी भूभाग, मधेश, बागमती, गण्डकी प्रदेशका केही भूभाग र लुम्बिनी प्रदेशका पूर्वी क्षेत्रका थोरै भूभागमा प्रवेश गरेको जानकारी दिएको हो।

नेपालमा यस वर्षको मनसुन सरदरभन्दा १५ दिन छिटो नेपाल भित्रिएपनि शक्तिशाली बन्न नसक्दा र बंगालको खाडीमा न्यूनचापीय प्रणाली पनि नबन्दा अन्यत्र फैलन सकेको थिएन।

बाँके बर्दियामा विपद्बाट करिब दुई लाख प्रभावित हुनसक्ने

मनसुन अवधिमा बाढी तथा डुबानको चपेटामा पर्ने र अन्य मौसमी प्रकोपहरूको जोखिम पनि उच्च हुने बाँके र बर्दिया जिल्लामा विपद् पूर्वतयारी सुरु गरिएको छ। बाँके बर्दियाका जिल्ला विपद् व्यवस्थापन समितिले बैठक गरेर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पारित गर्ने र अन्य अत्यावश्यक तयारी सुरु गर्ने निर्णय गरेका छन्।

बाँकेमा विपद्बाट २५ हजार घरपरिवारका एक लाख ५० हजार मानिस प्रभावित हुनसक्ने अनुमानका आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरिएको छ। यद्धपि बाँकेका स्थानीय तहहरूले अझै मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरिसकेका छैनन्। अब यथाशीघ्र स्थानीय तहहरूले पनि मनसुन पूर्वतयारी तथा प्रतिकार्य अद्यावधिक गर्ने निर्णय पनि जिल्ला विपद् व्यवस्थापन समितिले गरेको जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रका सूचना व्यवस्थापन अधिकृत रूपन ज्ञवालीले जानकारी दिए।

मनसुनजन्य विपद्का घटनाहरूलाई प्रभावकारी प्रतिकार्यका लागि योजनाहरूको परीक्षण तथा स्रोत साधन र जनशक्ति परीक्षण तथा समन्वय सहकार्यको खाका पनि तयार पारिएको छ। मनसुन पूर्वतयारीकै लागि आज शुक्रबार नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, रेडक्रस, मानवीय सेवामा कार्यरत संघसंस्था, समुदायको सहभागिता तथा सबै पालिकाको समन्वयमा राप्ती नदीस्थित सिधनिया घाटमा कृत्रिम घटना अभ्यास पनि गरिँदैछ।

उता बर्दिया जिल्लामा ३० हजार भन्दाबढी जनसङ्ख्या प्रभावित हुन सक्ने प्रतिकार्य योजना पारित गरिएको छ। जिल्ला विपद् व्यवस्थापन समितिले विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई थप व्यवस्थित, एकीकृत र सक्रिय बनाउने निर्णय गरेको जानकारी दिइएको छ।

बर्दियामा पनि सबै स्थानीय तहले प्रतिकार्य योजना अद्यावधिक गर्ने, डुबान र बाढी प्रभावित क्षेत्रहरूको पहिचान गर्ने, पूर्वसूचना प्रणाली सुदृढ गर्ने निर्णय पनि गरिएको छ। यसैगरी स्रोत साधन, जनशक्ति र सुरक्षित स्थानहरू अद्यावधिक गर्ने पनि निर्णय गरिएको छ।

# खसीको भनेर बाख्राको मासु बिक्री




**मिसन संवाददाता**
*नेपालगन्ज, २९ जेठ*

नेपालगन्जमा दुईवटा पसलले खसीको भनेर बाख्राको मासु बिक्री गर्दै गरेको फेला परेको छ। उपमहानगरपालिका पशु सेवा शाखाको आयोजनामा भएको संयुक्त अनुगमन टोलीले गरको अनुगमनका क्रममा सो बदमासी फेला परेको हो।

सो क्रममा नेपालगन्ज-१६ रामबाघस्थित फहिम फ्रेस हाउसबाट पाँच केजी, कलिम अहमद मासु पसलबाट सात केजी बिक्री गर्दै गरेको बाख्राको मासु पनि बरामद गरेको छ भने तीनवटा बाख्रा पनि बरामद गरेको छ।

भेटेरिनरी निरीक्षक डा. सुमन खनालको अगुवाइमा भएको अनुगमनले नेपालगन्ज १५ जमुनाह क्षेत्रमा पनि अनुगमन गरेको थियो। जमुनाहस्थित मोहम्बत सरिफ कुरेशीको पसलबाट दुई क्यारेट भारतीय सेतो अण्डा, नसीम माछा पसलबाट १५ केजी खान अयोग्य मङ्गुर माछा, शाहबुद्धिन कबडियाको पसलबाट आठ केजी खान अयोग्य माङ्गुर माछा बरामद गरिएको छ। अनुगमन टोलीले बरामद गरेका खान अयोग्य खसीको मासु, टाउको, खुट्टा, माछाहरू नष्ट पनि गरेको जानकारी दिइएको छ।

# जीप दुर्घटना हुँदा ६ जना घाइते

**बाजुरा।** बाजुराको खप्तड छेडेदह गाउँपालिका १ काँडामा जीप दुर्घटना भएको छ। बिहीबार बिहान ६ बजेतिर काँडाबाट अछामको साँफेबगर जादैँ गरेको जीप दुर्घटना भएको हो। खप्तड छेडेदह १ गोठपाडा बस्ने अन्दाजी ३४ वर्षका लक्ष्मण रोकायाले चलाएको सुप.प्र.०१-००१च४१९० नम्बरको जीप दुर्घटना भएको प्रहरीले जनाएको छ।

काँडाको चौकानाभित्र सडकखण्डमा जीप रोकेर ओत लगाउने क्रममा जीप एक्कासि अगाडि बढ्दा सडकबाट करिब ५० मिटर तल खसेको हो। जिल्ला प्रहरी कार्यालयका अनुसार उक्त दुर्घटनामा परी ६ जना घाइते भएका छन्।

घाइते हुनेमा खप्तड छेडेदह १ काँडा बस्ने अन्दाजी ८० वर्षकी तुरु सुनार, ४५ वर्षकी पार्वती विक, ६० वर्षकी तिल्दी सुनार, शान्ति विक, ७० वर्षका श्यामलाल विक र बडीमालिका नगरपालिका ९ बस्ने अन्दाजी २९ की बिन्दु विक छन्।

घाइते सबैको अछामको बयालपाटा अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ। घाइते भएका एक/दुई जनाबाहेक सबैको अवस्था सामान्य छ। जीप चालक रोकायालाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# प्रहरीद्वारा गोली हानेर दुई पक्राउ

**मिसन संवाददाता**
*कैलाली, २९ जेठ*

कैलाली प्रहरीले गोली हानेर दुई जनालाई नियन्त्रणमा लिएको छ। जिल्लाको भजनी नगरपालिका- ७ मा प्रहरीले गोली चलाएको हो। गोली हानेर नियन्त्रणमा लिइएकामा रिदम ढुंगाना र मिलन चन्द रहेका छन्। दुवैलाई गोली लागेको छ।



कैलालीका डीएसपी राजकुमार सिंहका अनुसार टीकापुरमा गत जेठ १५ गते स्थानीय टेकेन्द्रसिंह विष्टमाथि खुकुरी प्रहार भएको घटनामा कैलारी गाउँपालिका-२ को शिवरत्नपुरबाट दुई जनालाई पक्राउ गरिएको थियो।

भजनी क्षेत्रमा पुग्दा उनीहरू भाग्न खोजेपछि प्रहरीले गोली चलाउनुपरेको डीएसपी सिंहले बताए। गोली प्रहार गरेर दुवै जनालाई नियन्त्रणमा लिइएको छ। 'कैलारी गाउँपालिका-२ शिवरन्तपुरबाट पक्राउ परेका रिदम ढुंगाना र मिलन चन्दलाई प्रहरी टोलीले टीकापुर लगिरहेको थियो,' डीएसपी सिंहले भने, 'बाटोमा पिसाब फेर्ने क्रममा भाग्न खोजेपछि गोली चलाइएको हो।'

उनीहरूलाई नियन्त्रणमा लिन प्रहरीले दुई राउण्ड हवाई फायर र दुई वटा गोली प्रहार गर्नुपरेको जनाएको छ। गोली प्रहारबाट दुवै जनाको घुडामुनी चोट लागेको छ। उनीहरूलाई उपचारका लागि सेती प्रादेशिक अस्पताल धनगढी पुर्‍याइएको थियो।

## पहिलो पृष्ठको बाँकी

### घुमुवा...

थियो भन्नेकुरा मलाई थाहा भएन।' रिजालले त्यस्तो भनेपनि संघका अध्यक्ष भण्डारी र रिजालले झोलाबाट पैसा झिकेर गनेर नै पसलमा बुझाएका थिए।

पैसा बुझाउनभन्दा पहिला इलाका प्रहरी कार्यालय कोहलपुरमा व्यवसायीका नेता, प्रहरीका अधिकारी, रकम दिने पक्ष र असुली गर्नेहरूबीच छलफल भएको थियो। स्रोतका अनुसार छलफलमा असुली गरिएको पाँच लाख रकम फिर्ता गरेर घटनालाई मिलाउने एक किसिमको छलफल भएको थियो।

सोही अनुसार नै घुमुवाहरूले जेठ २६ गते नेपालगन्जको टांगा स्टेशसनमा फिर्ताको लागि संघका अध्यक्ष भण्डारी र रिजाललाई रकम बुझाएका थिए। त्यहाँ बुझेको पैसा भण्डारी र रिजालले पसलमा ल्याएर बुझाएका हुन्। संघका अध्यक्ष भण्डारी भने मिसन टुडेले पटक पटक सम्पर्क गर्दासमेत सम्पर्कमा आएनन्। मंगलबारको अंकमा मिसन टुडेले यसबारेमा समाचार प्रकाशित गरेपछि इलाका प्रहरी कार्यालय कोहलपुरले पीडितलाई बोलाएर उजुरी दिन लगाएको थियो।

उनीहरूले पसलमा बार्गेनिङ गरेर नेपालगन्ज-कोहलपुर सडक खण्डको जानकी गाउँपालिका- ६ प्रिप्रहवाको एक खाजा पसल अगाडि पाँच लाख रूपैयाँ नगद बुझेका थिए। भारतीय नम्बर प्लेटको यूपी५०एए ९८८५ नम्बरको कार चढेर उनीहरू रकम बुझ्न पुगेका थिए।

'सरहरूले कारमा पैसा राख्न लगाएपछि कोहलपुरबाट बोकेर गएको पाँच लाख नगद रूपैयाँ भारतीय नम्बर प्लेटको कारमा राखेको हुँ,' नाम उल्लेख नगरिदिन आग्रह गर्दै ती व्यवसायीले भने, 'पसलमा आएर लागूऔषध लगायतका मुद्दामा फसाइदिने धम्की दिएपछि मंहगो ब्याजमा सापटी लिएर पैसा बुझाएको हुँ।'

**यस्तो थियो पाँच लाख असुलीको घटनाक्रम**

थ्रिस्टार मोबाइल पसलमा राखिएको सिसिटिभी भिडिओअनुसार तीनैजना घुमुवा जेठ २१ गते बुधबार मध्यान्ह २ बजेर ३६ मिनेट जाँदा मोबाइल पसलको बाहिर पुगेका थिए। उनीहरूमध्ये दुई जना प्रहरीका घुमुवाले आफूहरू प्रहरी भएको भन्दै पसलमा छापा हान्न आएको भनेर प्रहरीको परिचयपत्र समेत देखाए।

लगत्तै प्रहरीका दुई जना घुमुवाले बाहिरपट्टी सेवाग्राही बस्ने कुर्सीमा बसेर केरकार गर्छन् भने सशस्त्र प्रहरीका घुमुवाले रेकी गर्छन्। मिसन टुडेलाई प्राप्त सिसिटिभी भिडिओअनुसार केही मिनेट बाहिरबाटै केरकार गरेपछि २ बजेर ४३ मिनेटमा प्रहरी सहायक हवलदार बर्मा पसलभित्र छिर्छन्। लगत्तै प्रहरी सहायक हवलदार खानसमेत भित्र पस्छन्। २ बजेर ५० मिनेट जाँदा प्रहरीसँग कुराकानी गरेर सशस्त्रका घुमुवा चौधरीसमेत मोबाइल पसलभित्र पसेको सिसिटिभी भिडिओमा प्रस्ट देखिन्छ। त्यसपछि तीनै जना मिलेर पसल सञ्चालकलाई सोधपुछ गर्छन् भने पसलमा राखिएका मोबाइल लगायतका सामानहरू खोलेर हेर्छन्।

घुमुवा प्रहरीले धम्की दिन थालेपछि पसल सञ्चालकले मोबाइल तथा इलेक्ट्रोनिक्स व्यवसायी संघ बाँकेका अध्यक्ष गोबिन्द भण्डारीलाई फोन गर्छन्। २ बजेर ५९ मिनेटमा संघका अध्यक्ष भण्डारी दैलेख घर भई हाल नेपालगन्ज बस्दै आएका सूर्यप्रसाद रिजाललाई लिएर भित्र छिर्छन्। ३ बजेर १४ मिनेटमा अध्यक्ष भण्डारीसँग गएका व्यक्तिले भित्रबाट सबै सटर बन्द गरिदिन्छन्।

त्यसपछि घुमुवा प्रहरी, संघका अध्यक्ष भण्डारी उनीसँग गएका रिजाल, पसल सञ्चालकबीच केहीबेर कुराकानी भएको सिसिटिभी भिडिओमा देखिन्छ। ३ बजेर १९ मिनेटमा पसल सञ्चालक हात जोडेर उनीहरूसँग हारगुहार गरिरहेका देखिन्छन्। त्यसपछि संघका अध्यक्ष तथा घुमुवा प्रहरी मिलेर फेरी पसलका सामानहरू हेर्छन्।

३ बजेर २७ मिनेटमा उनीहरूले पसलमा जडान गरेको सिसिटिभी क्यामेरा सञ्चालनको लागि जडान गरिएको लाइनको तार नै निकालेर सिसिटिभी क्यामेरा बन्द गराउँछन्। सिसिटिभी क्यामेरा बन्द गराएपछि धम्की दिँदै उनीहरूले पसल सञ्चालकसँग पैसाको बार्गेनिङ गर्न सुरु गर्छन्। पसलमा कार्यरत एक कर्मचारीका अनुसार घुमुवा प्रहरीले आफूहरूले मागेको रकम नदिए लागूऔषध लगायतका मुद्दामा फसाइदिने भन्दै धम्की दिएका थिए।

संघका अध्यक्ष भण्डारीले समेत घुमुवासँग निहु नखोज्न र मिलाएर जान नै पसल सञ्चालकलाई सुझाव दिएका थिए। सुरुमा उनीहरूले आठ लाख रूपैयाँ दिनुपर्ने माग गरे। पसल सञ्चालकले त्यति रकम दिन नसक्ने भन्दै मिलाउन भनेपछि उनीहरूले सात लाख रूपैयाँको माग गरेका थिए। सात लाखमा समेत कुरा नमिलेपछि पाँच लाख भए हुनेगरी घुमुवासँग कुरा मिलाए।

त्यसपछि उनीहरूले आफूलाई तत्कालै पाँच लाख रूपैयाँ दिनुपर्ने र नपाए राम्रो नहुने बताएका थिए। पसल सञ्चालकले आफूसँग अहिले त्यतिधेरै पैसा नभएको र दुई चार दिनमा दिने प्रस्ताव गरे। उनीहरूले त्यो प्रस्ताव नमानेपछि सञ्चालक ऋण खोज्नतिर लागेका थिए।

त्यहीबाट नै केही व्यक्तिलाई पैसा चाहिएको भन्दै उनले फोन गरे। कतैबाट समेत पैसाको जोहो हुन नसकेपछि पसल सञ्चालकले महंगो ब्याज दिनेगरी एक व्यक्तिबाट पाँच लाख रूपैयाँ सापटी पाएका थिए। ती व्यक्तिलाई उनीले आफ्नो स्टाफ मन्सुर खानको नाममा पाँच लाखको चेक काट्न लगाए। खानको नाममा पाँच लाखको चेक आइसकेपछि सडकमा राखिएको सिसिटिभी भिडिओअनुसार घुमुवा प्रहरीहरू चेक साटेर रकम ल्याउनु भन्दै ३ बजेर ५१ मिनेटमा पसलबाट बाहिरिएका थिए।

३ बजेर ५२ मिनेटमा सय मिटर टाढा हरियाली मार्गमा राखिएको भारतीय नम्बर प्लेटको यूपी५०एए ९८८५ नम्बरको कार चढेर तीनै जना घुमुवाहरू गएका थिए। उनीहरूले पसल सञ्चालकलाई चेक साट्न लगाएर नगद रकम ल्याउन संघका अध्यक्ष भण्डारीलाई जिम्मा दिए। घुमुवा गएपछि तत्कालै पसल सञ्चालक आफ्नो स्टाफले बैंकबाट साटेर ल्याएरको रकमसँगै आफ्नो मोटरसाइकलमा संघका अध्यक्ष भण्डारीलाई राखेर नेपालगन्जतिर लाग्छन्। चेक साटेर नगद लिएपछि अध्यक्ष भण्डारीले उनीलाई पिप्रहवामा रकम बुझाउन जानुपर्ने भयो भनेर उतै लिन्छन्।

पहिला नै त्यहाँ भएका उनीहरूले नगद पाँच लाख रूपैयाँ भारतीय नम्बरको कारमा राख्न लगाएका थिए। पाँच लाख नगद दिएको कुरा कसैलाई खबर गरे सिध्याइदिने धम्कीसमेत मोबाइल पसल सञ्चालकलाई दिए। 'पैसा नदिँदा मात्रै होइन, पैसा दिएपनि कतै खबर गरे राम्रो हुँदैन भनेर धम्की दिए,' ती पसल सञ्चालकले मिसन टुडेसँग शनिबार भने, 'बिहीबारसमेत नेपालगन्जको गणेशमान चोक नजिकैको मोबाइल पसलमा बोलाएर अरू कसैलाई थाहा दिए ब्राउनसुगर केसमा फसाइदिने बताए।' उनीहरूले मोबाइल पसल सञ्चालकलाई आगामी दिनमा मिलेर काम गर्नुपर्ने भन्दै अब ढुक्क गएर काम गर्न भनेका थिए।

जेठ २२ गते बिहीबार इलाका प्रहरी कार्यालय कोहलपुरमा मुद्दा दर्ता गर्न खोजेका उनलाई संघका अध्यक्ष भण्डारीले मुद्दा दर्ता नगरेर मिलेर जानुपर्ने भन्दै नेपालगन्जको गणेशमान चोक नजिकै पुर्‍याएका थिए। त्यहाँको एक मासु पसलमा तीनजना घुमुवा प्रहरीले पसल सञ्चालकलाई कतै उजुरी गरेर राम्रो नहुने भन्दै चुपचाप बस्न धम्की दिएका थिए। घटनामा संघका अध्यक्ष भण्डारी र उनीसँग गएका रिजालको भूमिका शंकास्पद देखिन्छ। मंगलबार मात्रै मिसन टुडेको सम्पर्कमा आएमा रिजालले भने आफू भण्डारीसँगै मोबाइल पसलमा गएको स्वीकार गरेका थिए।

### रकम...

सोही दिन नै प्रहरी सहायक हवलदार खान र बर्मालाई पनि पक्राउ गरेर इलाका प्रहरी कार्यालय कोहलपुर पुर्‍याइएको प्रहरीले जनाएको छ। सशस्त्र प्रहरी जवान रामसुन्दर चौधरीलाई भने बिहीबार साँझमात्र पक्राउ गरिएको डीएसपी खनालले जानकारी दिइन्।

पक्राउ परेका पाँचैजनालाई इलाका प्रहरी कार्यालय कोहलपुरको हिरासतमा राखिएको छ। बुधबार पक्राउ परेका खान, बर्मा, भण्डारी र रिजाललाई बाँके जिल्ला अदालतबाट बिहीबार म्याद थप गरेर अनुसन्धान अगाडि बढाइएको प्रहरी निरीक्षक बुढामगरले बताए।

सशस्त्र प्रहरी जवान चौधरी बिहीबार साँझमात्रै पक्राउ परेकाले उनीलाई आजमात्र बाँके जिल्ला अदालतमा उपस्थित गराइने इलाका प्रहरी कार्यालय कोहलपुरले जनाएको छ। प्रहरी स्रोतले भने प्रारम्भिक अनुसन्धान सुरु भएकाले पाँच लाख रूपैयाँ असुलीको घटनामा अन्यको संग्लनता देखिए उनीहरूलाई समेत पक्राउ गरिने जनाएको छ।

### विद्युत्...

हो स्पष्टरूपमा जानकारी दिनुपर्‍यो। आन्दोलन र तोडफोड गर्न बाध्य नबनाउ नागरिकहरूलाई।'

नागरिक समाजका अगुवा कृष्णप्रसाद श्रेष्ठले विद्युत्का कर्मचारीहरू अतिनै गैरजिम्मेवार भएको बताए। 'हरेक दिन लो भोल्टेज र अघोषित लोडसेडिङका कारण सर्वसाधारण आहत भएका छन्, यो हरेक वर्षको समस्या हो, पूर्वतयारी छैन्, नागरिकलाई कतिखेर बत्ती जान्छ आउँछ जानकारी छैन्, आफ् नो मनलाग्दी भएको छ, विद्युत् कर्मचारीहरू गैरजिम्मेवार बनेका छन्।' उनले भने, 'पहिलाका वर्षहरूमा पनि सडक आन्दोलननै गर्नुपरेको थियो, जनताको धैर्यताको बाँध टुटिसकेको छ, जनता फेरीपनि सडकमा आएर विद्युत् कार्यालय घेराउ गर्ने तथा आक्रामक ढंगले आन्दोलन नगर्लान भन्न सकिन्।'

नेपालगन्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष चिरञ्जीवी वलीले दैनिक घण्टौँसम्म अघोषितरूपमा लोडसेडिङ गरेर बिहानदेखि रातिसम्म पटक पटक लाइन काटिँदा उद्योगी, व्यवसायी तथा सर्वसाधारणले सास्ती खेपिरहनुपरेको बताए।

'बिना जानकारी हरेक एक आधा घण्टामा लाइन काटेको छ, उद्योगीले नियमितरूपमा मेसिन चलाउन पाएका छैनन्, कच्चा पदार्थ वेस्टेज गइरहेको छ, कतिपयले त उद्योग चलाएकै छैनन्, कच्चा पदार्थ वेस्टेज जाने मात्रै नभएर मेसिनसमेत बिग्रने गरेका छन्।' उनले भने, 'कार्यालय प्रमुखको रेस्पोन्स छैन्, फोन उठ्दैन्, बाहिर सडकमा हिँड्न सक्ने अवस्था छैन्, घरभित्र बत्तीबिना बस्न सकिँदैन्, उद्योगी व्यवसायी मात्र होइन सबैको जनजीवन नै अस्तव्यस्त बनेको छ।'

नेपाल विद्युत् प्राधिकरण नेपालगन्ज वितरण केन्द्रका सहायक प्रबन्धक ई.जगन्नाथ लामिछानेले केही दिनदेखि नेपालगन्जको तापक्रम उच्च भएका कारण विद्युत् आपूर्ति व्यवस्थापनमा समस्या आएको बताए।

'हामीसँग तत्काल समस्या समाधानका लागि वैकल्पिक उपाय छैनु, राष्ट्रिय प्रसारणको लाइन हरेक दिन बेलुका २/३ पटकसम्म जाने गर्छ, एकपटक गएको लाइन आउन कम्तीमा ४५ मिनेट लाग्छ, बत्ती आउँदा सबै डिमाण्ड एकैचोटी बढ्छ, चेन इफेक्ट हुन्छ, जताततै डिस्टर्व हुन्छ, ओभरलोड हुँदा ट्रान्सफर्मर जल्ने, तार जल्ने चुँडिने, जम्पर जल्ने लगायतका समस्या आउँछ।'

उनले भने, 'त्यो मर्मत गर्नका लागि बत्ती काट्नुपर्छ, समय लाग्छ, हामीसँग मर्मत सम्भारका लागि जम्मा दुईवटा टोली छ, स्रोतसाधनको कमी छ, दुई वटै टोली फिल्डमा पठाउँदा पनि बिग्रेका सबै ठाउँमा पुग्न केही समय लाग्ने गर्दछ।'

उनले राष्ट्रिय प्रसारणबाट आउने विद्युत् भोल्टेज १३२ केभी हुनुपर्नेमा ११८ केभी भोल्टेजसम्म भएको जानकारी दिए। भोल्टेज घटेपछि विद्युतीय उपकरणले बढी करेन्ट तान्ने र ओभरलोड हुन गई उपकरण तथा वितरण गरिएका तारमा समेत क्षति हुने गरेको उनको भनाइ छ।

फोन नउठाउने, बिजी राख्ने, जवाफदेही नहुने भन्ने नागरिकले लगाएको आरोप खण्डन गर्दै उनले भने, 'कार्यालयमा दुई वटा हटलाइन फोन छ, मर्मतका लागि कर्मचारी फिल्डमा पठाउनुपर्ने हुँदा दुई वटै फोनमा एकजना कर्मचारी बस्नुहुन्छ। सबैले एकैपटक फोन गर्दा बिजी हुन्छ, एउटा फोनमा कुरा हुँदा अर्को फोन उठ्दैन, हामी जसरी हुन्छ सेवा प्रवाह गर्नतर्फ सचेत छौँ।'

'अफिसको फोन उठेन भन्दै ग्राहकले रातबिरात हामीलाई फोन गर्नुहुन्छ, दिउँसोमा जसोतसो मिलाउँछौँ, रातिमा धैरै समस्या हुन्छ, ग्राहकको गुनासो समस्या सहन गर्न सकिन्न, रातदिन भनेर लाग्दापनि ग्राहकलाई पूर्ण सन्तुष्टि दिन सकिन्न, दुःख लाग्छ, नो लाइट र मर्मत टिम मरेर लाग्छ, तर व्यवस्थापनले हाम्रो कामको मूल्याङ्कन गर्दैन।' नाम नबताउने शर्तमा फिल्डमा खटिने कर्मचारीहरू भन्छन्, 'ग्राहकको कम्प्लेन, निवेदन, फोन एउटा होइन दैनिक हजारौँको प्रश्नको जवाफ हामीले नै दिनुपर्छ, ओभरटाइम र सेवासुविधामा हामी माथिनै विभेद हुन्छ, तरपनि जनताको सेवाका लागि २४सै घण्टा हामी फिल्डका कर्मचारी खटिएका छौँ।' 'कर्मचारीहरू बढी राजनीति गर्छन्, हाजिर गर्ने टाप ठोक्ने (हाटा) वाला छन्, अधिकांश कर्मचारी काम गर्दैनन्, हामी थोरै कर्मचारी फिल्डमा खटिँदा भनेको समयमा सेवा प्रवाह गर्न सक्दैनौँ।' उनीहरूले भने।

रातिको समयमा अधिकांश नेपालगन्जवासीको कामनै फेसबुक लगायतका सामाजिक सञ्जालमा बत्ती नभएकै बारेमा स्टाटस लेख्दै बित्ने गरेको छ। कसैले 'बत्ती कतिखेर आउँछ ?' कसैले 'बत्ती त छ, तर लो भोल्टेज छ' कतिपयले 'कहाँ के भएको होला, जानकारी पाउँन' लगायतका स्टाटस लेखेर बसिरहेका हुन्छन्।

जल तथा मौसम विज्ञान विभाग फिल्ड कार्यालय नेपालगन्जकी फिल्ड इन्चार्ज मिना सीवाकोटीका अनुसार बिहीबार नेपालगन्जको अधिक्तम तापक्रम ३९ दशमलव ५ डिग्री र न्यूनतम तापक्रम ३० दशमलव ५ डिग्री सेल्सियस मापन भएको छ। उनका अनुसार मंगलबार यहाँको अधिक्तम तापक्रम ४१ डिग्री सेल्सियस रहेको थियो भने न्यूनतम तापक्रम ३२ डिग्री सेल्सियस रहेको थियो। त्यसैगरी बुधबार अधिक्तम तापक्रम ३८ दशमलव २ डिग्री र न्यूनतम तापक्रम २४ दशमलव ८ डिग्री सेल्सियस मापन भएको थियो। अत्यधिक गर्मीका कारण नेपालगन्जलगायत बाँकेका केही स्थानीय तहले विद्यालयहरूलाई सार्वजनिक बिदासमेत दिएका छन्।

# ४५ दिने सिलाइकटाइ तालिम सम्पन्न

मिसन संवाददाता
*कोहलपुर, २९ जेठ*

बाँकेको कोहलपुर नगरपालिकाले बादी तथा गन्धर्व समुदायका महिलाहरूलाई दिएको ४५ दिने एडभान्स सिलाइकटाइ तालिम सम्पन्न भएको छ। कोहलपुर-११ स्थित गन्धर्व टोलका १० जना बादी तथा गन्धर्व समुदायका महिलाहरूलाई प्रदान गरेको सिलाइकटाइ तालिम बिहीबार सम्पन्न भएको हो।

सो अवसरमा बोल्दै बादी तथा गन्धर्व समुदायका महिलाहरूलाई आत्मनिर्भर तथा स्वरोजगार बनाउने उद्देश्यले डेढ महिने सिलाइकटाइ तालिम प्रदान गरिएको कोहलपुर नगरपालिका उपप्रमुख संगिता सुवेदीले बताइन्। उनले डेढ महिनासम्म तालिममा सिकेका कुराहरूलाई व्यवहारमा उतार्न आग्रह गरिन्।

'आफ्नो हातमा सीप भएपछि घरपरिवाका पुरुष सदस्यहरूको मुख ताक्नु पर्दैन,' उनले भनिन्, 'घरमै मेसिन राखेर गाउँका मानिसहरूको कपडा सिलाएर आत्मनिर्भर बन्न सकिन्छ र राम्रो गरे आगामी दिनहरूमा थप क्षमता विकासमा सहयोग गर्छौं।'



नगरपालिकाले हरेक वर्ष नगरभित्र बसोबास गर्ने पिछडिएका वर्ग, जाति, क्षेत्र तथा समुदायको उत्थानका लागि विभिन्न तालिम प्रदान गर्दै आएको उनले बताइन्। तालिम मात्र नभइ सिलाइकटाइ सामाग्रीसमेत प्रदान गरिएको जानकारी दिइन्। आफू मात्र नभइ अरूलाई समेत रोजगारी प्रदान गर्ने उद्देश्यका साथ लाग्न सुझाव दिइन्।

यस्तै महिला बालबालिका उपशाखा कोहलपुरका प्रमुख घटना शाहले विभिन्न चुनौतीका बाबजुद पनि तालिम सम्पन्न गर्न सफल भएको बताइन्। उनले आफूले सिकेका कुराहरू व्यवहारमा उतार्न सके आगामी आर्थिक वर्षमा पनि आवश्यकताका आधारमा थप तालिम प्रदान गरिने जानकारी दिइन्।

तालिममा सहभागी रेखा गाइनेले सिलाइकटाइ तालिम लिन पाउँदा खुसी लागेको बताइन्। पछाडी परेका समुदायका महिलालाई आत्मनिर्भर बनाउन तालिम र मेसिन प्रदान गरेको भन्दै उनले खुसी व्यक्त गरिन्।

# बुद्धिचाल खेलप्रति आकर्षण बढेसँगै एकेडेमी स्थापना

मिसन संवाददाता
*बुटवल, २९ जेठ*

केही वर्ष यतादेखि नेपालमा चेस (बुद्धिचाल) खेलप्रति रुचि बढेको देखिन्छ। विश्वव्यापी रूपमा हेर्ने हो भने बुद्धिचाल खेल लोकप्रिय छ। नेपालमा कम खेल्ने गरिएपनि पछिल्ला केही वर्षयता नेपालमा पनि यसका खेलकर्ता बढेको खेलप्रेमीहरू बताउँछन्।

बौद्धिक क्षमताको विकास, रणनीतिक सोच र अनुशासन सिकाउने माध्यमका रूपमा यो खेल युवा पुस्तामा बढी आकर्षित देखिन्छ। नेपालमा बुद्धिचाल खेलप्रति चासो राख्दै बुटवल-११, देविनगरमा लुम्बिनी चेस एकेडेमीको उद्घाटन गरिएको छ। यो खेलप्रति मानिसको रुचि बढेपछि चेस एकेडेमी स्थापना गरिएको हो।

गणेशबहादुर थापाको प्रमुख आतिथ्यतामा विशेष कार्यक्रमको आयोजना गरी चेस एकेडेमी उद्घाटन गरिएको हो। उक्त कार्यक्रममा चेस एकेडेमीका संस्थापक तथा प्रशिक्षक शिखर रेग्मीले एकेडेमीको उद्देश्य र आगामी योजनाबारे जानकारी गराउँदै चेस खेल बुद्धि पुराएर खेल्ने खेल भएको बताउँदै यसको विकासका लागि आफू लागि परेको बताए। 'हामीले लुम्बिनी चेस एकेडेमीलाई आधुनिक शिक्षण पद्धति, व्यक्तिगत मार्गदर्शन र प्रतिस्पर्धात्मक वातावरणको संयोजनमा स्थापित गरेका छौं,' उनले भने, 'हामी यहीँबाट भोलिका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चेस च्याम्पियनहरू उत्पादन गर्नेछौं।'



एकेडेमीले विभिन्न समूहलाई लक्षित गर्दै स्तर अनुसारको तालिम, अन्तरविद्यालय तथा खुला प्रतियोगिता, कार्यशाला र विश्लेषणात्मक सेसनहरू सञ्चालन गर्ने योजना अघि सारेको छ। नेपालमा चेस बुद्धिचाल प्रतिको अभिरुचि बढ्दै गइरहेको अवस्थामा यस प्रकारको व्यावसायिक तथा शैक्षिक एकेडेमीले चेसको भविष्य उज्यालो बनाउनेछ भन्ने विश्वास लिइएको छ।

लुम्बिनी चेस एकेडेमीले शिक्षा, खेलकुद र मानसिक विकासको संगमको रूपमा युवाहरूमाझ चेस (बुद्धिचाल)लाई अझ प्रभावकारी रूपमा विस्तार गरिने खेलप्रेमीहरूले बताएका छन्। शिखर रेग्मीको सञ्चालनमा यो कार्यक्रम भएको थियो।

## अन्तर्वार्ता

# 'राष्ट्रको बृहत्तर हितका निम्ति दलहरू एक ठाउँमा आउनुपर्छ'

नेपाली काँग्रेसका केन्द्रीय सदस्य ज्ञानेन्द्रबहादुर कार्की प्रतिनिधि सभा सदस्य हुन्। पूर्वसञ्चार तथा सूचना प्रविधिमन्त्री कार्की गत प्रतिनिधि सभा सदस्य निर्वाचनमा सुनसरी निर्वाचन क्षेत्र नं ४ बाट निर्वाचित भएका हुन्। उनी विसं २०६३ मा जलस्रोतमन्त्री, २०७० सालमा संविधान सभा सदस्य र २०७४ सालमा अर्थमन्त्री, २०७८ सालमा कानुन, न्याय तथा संसदीय मामिला र सञ्चारमन्त्री भए। उनले राजनीतिमा होमिएपछि उनी भोजपुर र विराटनगरमा गरी चार वर्ष जेल पनि परे। विसं २०२७ देखि निरन्तर काँग्रेसको राजनीतिमा सक्रिय नेता कार्कीले त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा स्नातकोत्तर गरेका छन्। विद्यार्थी राजनीतिबाट राजनीतिक यात्रा सुरु गरेका उनले नेपाल विद्यार्थी संघको केन्द्रीय अध्यक्षसमेत भएर काम गरे। पिता कृष्णमोहन र माता अम्बिकाको कोखबाट २०१३ साल फागुन ११ गते भोजपुरमा जन्मिएका नेता कार्की २०५८ सालदेखि हालसम्म काँग्रेसको केन्द्रीय सदस्य रहँदै आएका छन्। उनको स्थायी बसोबास भने बराह नगरपालिका-१० प्रकाशपुर, सुनसरीमा छ। सांसद कार्कीसँग संसदीय अनुभव, संविधान कार्यान्वयन र संशोधन, संघीय संरचना, युवा पलायन, देशको आर्थिक विकास र सुशासनलगायत देशको समसामयिक विषयमा राससले लिएको अन्तर्वार्ताको सम्पादित अंश:

**माननीयज्यू, राजनीतिक जीवन कस्तो छ, आजभोलि केमा व्यस्त हुनुहुन्छ ?**

म एउटा राजनीतिक प्राणी भएको नाताले मुख्य गरी देशको राजनीतिमै व्यस्त छु। पार्टीको केन्द्रीय सदस्य भएकाले पार्टीको काममै छु। सांसदको हैसियतले संसद्मा हुने गतिविधिमा पनि सक्रिय छु। संसद्मा मुख्य गरी कानुन निर्माण, जनताका सवालमा सरकारको ध्यानाकर्षण गराउने काम भइरहेको छ। निर्वाचित भएको जिल्ला सुनसरीका जनतासँग भेट्ने, समस्या बुझ्ने र कार्यान्वयनका लागि पहल गर्ने काम भएको छ।

**संविधान कार्यान्वयनको अवस्थालाई कसरी विश्लेषण गर्नुभएको छ ?**

संविधान कार्यान्वयनको अवस्थालाई दुई तरिकाले हेर्नुपर्छ। संविधान जारी भएपछि दुई वटा स्थानीय र आमनिर्वाचन सम्पन्न भएका छन्। यी सम्पन्न निर्वाचनले लोकतन्त्रको जगलाई मजबुद बनाउने काम गरेको छ। लोकतन्त्रबाट जनताले प्राप्त गर्ने अधिकार, सेवा/सुविधासँग विकास निर्माणको बाटोमा मुलुक अगाडि बढेको छ। तर, यसका बाबजुद पनि अलिकति असन्तुष्टि छ। त्यसलाई अस्वाभाविक रूपमा लिनु हुँदैन।

**संविधान संशोधनका सन्दर्भमा तपाईँको धारणा के हो ?**

दश वर्षमा संविधान संशोधन गर्ने संविधानमै उल्लेख गरिएको छ। यही संविधान संशोधन गर्नेतर्फ मुलुकको राजनीति अगाडि बढेको छ। जनताका असन्तुष्टिलाई सम्बोधन गर्दै समयानुकूल संशोधन गर्नुपर्छ। यही संविधानको जगमा सबै राजनीतिक दल एकजुट भएर नेपाली जनताको विकासको तीव्र आकांक्षा पूरा गर्नुपर्छ। मुलुकमा असन्तुष्टि नै असन्तुष्टि छ भन्ने कुरा पनि एकाङ्की कुरा हो।

सबै राम्रो भइरहेको छ भन्ने पनि एक किसिमको अतिवाद हो। संविधान संशोधनको विषयमा सत्तापक्ष, प्रतिपक्ष र बुद्धिजीवीलगायत सबैको एक मत हुनुपर्छ। जनताको चाहनाअनुसार राष्ट्र विकासको निमित्त एक ठाउँमा हुनुपर्छ। यद्यपि, हाम्रा विचारधार वा आफ्ना आफ्ना बाँधाहरू एक ठाउँमा होलान्। उद्देश्य मुलुकको समृद्धि गर्ने हुनुपर्छ।

**संविधानका कुनकुन धारा, उपधारा संशोधन गर्नुपर्छ ?**

संविधान संशोधनको विषयमा सबैका आ-आफ्ना दृष्टिकोण छन्। राजनीतिक र नीतिगत स्थिरताको निमित्त पनि संविधान संशोधन गर्नुपर्ने छ। संशोधनको विषयमा भावना वा उत्तेजनाले हुँदैन। मुलुकले समृद्धि हासिल गर्ने लक्ष्यअनुसार गम्भीर छलफल र बहस गरेर संशोधन गर्नुपर्छ। त्यो कामको प्रारम्भ पनि भएको छ।

**एकथरिले संघीयता महँगो भयो भनिरहेका छन्, तपाईँचाहिँ के भन्नुहुन्छ ?**

मुलुक संघीयतामा गइसकेको छ। यो संघीयतालाई कसरी प्रभावकारी बनाउने भन्नेमा हाम्रो ध्यान जान जरुरी छ। मेरो विचारमा समावेशी, सन्तुलित र दिगो विकासको आवश्यकता छ। त्यसको निमित्त हामीले कुन-कुन ठाउँमा के-के सुधार गर्नुपर्छ भन्ने कुरामा प्रष्ट हुनुपर्छ।

मुलुक र जनताको वास्तविकता र अन्य देशको अभ्यासलाई पनि अध्ययन गरेर अगाडि बढनुपर्छ। अहिलेको संविधानलाई अझै



ज्ञानेन्द्रबहादुर कार्की
सांसद
प्रतिनिधि सभा

सुदृढ बनाउने लक्ष्यअनुसार हामी अगाडि बढ्नुपर्छ। सबैभन्दा पहिला संघीयताका सबल र दुर्वल पक्षलाई गम्भीरताका साथ विश्लेषण गरेर एउटा निष्कर्षमा पुग्नुपर्छ।

**युवा पलायन रोक्न के गर्न सकिन्छ ?**

युवा पलायन रोक्न देशमा समावेशी र दिगो आर्थिक विकासको आवश्यकता छ। उत्पादन र रोजगारीलाई नारा र भाषणमा मात्रै सीमित नगरेर व्यवहारिक रूपमा कार्यान्वयन गर्नुपर्छ। हाम्रो देशमा प्रचुर सम्भावना छ। प्राकृतिक रूपमा पनि सुन्दर छ। अहिले देशका एकथरी युवा विदेश अध्ययन गर्न गएका छन्, तिनीहरूको पनि धेरै ठूलो खर्च छ।

नेपालको शिक्षा प्रणालीमा सुधार गरेर व्यवहारिक बनाउन सकियो भने उनीहरूलाई देशमै राख्न सकिन्छ। विदेश जाने पैसा पनि देशमै रहन्छ। नेपाल हावापानी र भौगोलिन वनावटको हिसावले पनि शैक्षिक हब बनाउन उपयुक्त छ। शैक्षिक हब बनाएर मुलुकलाई आत्मनिर्भर बनाउने बाटोमा लाग्नुपर्छ।

**कुनै समय अर्थमन्त्रालयको समेत जिम्मेवारी सम्हाल्नुभएका तपाईँलाई आर्थिक वर्ष २०८२/०८३ को बजेट कस्तो लाग्यो ?**

अहिलेको हाम्रो अर्थतन्त्र कमजोर छ। तर, सुधारोन्मुख छ। हामीले दिगो विकासलाई अगाडि बढाउने नीति लिएनौं भने मुलुकको आर्थिक वृद्धिदर वृद्धि हुन सक्दैन। हाम्रोमा धेरै वर्ष अघिदेखि पुँजगत खर्च पूरा नहुने समस्या छ। यसलाई कसरी अन्त्य गर्न सकिन्छ भन्नेतर्फ बजेटका नीतिहरू केन्द्रित छन्। तर, मुख्य कुरा बजेटको पूर्ण रूपमा प्रभावकारी कार्यान्वयन गर्न सक्नुपर्छ। बजेट कार्यान्वयनको दिशामा हामी सबैको ध्यान गम्भीर रूपमा जानुपर्ने जरुरी छ।

**राजनीतिक व्यवस्थाप्रति भइरहेका टीका-टिप्पणीप्रति तपाईँको भनाइ के छ ?**

हाम्रो संविधानले वाकस्वतन्त्रता दिएको छ। हामीलाई विचारको स्वतन्त्रता छ। अहिलेको राजनीतिक प्रणालीमाथि चुनौती खडा गर्ने कोसिस गरिएको छ। तर, त्यो चुनौतीले कुनै असर गर्छजस्तो मलाई लाग्दैन। यद्यपि, हामी मुलुकको आर्थिक विकासतर्फ केन्द्रित हुनुपर्छ।

व्यवस्थामाथि नै टिप्पणी गर्नेभन्दा पनि अहिलेका राजनीतिक दलहरूलाई थप सचेत गराएको जस्तो मलाई लाग्छ। राजनीतिक दलहरू अझै सच्चिएर अगाडि बढ्नुपर्छ। देशको समग्र विकास गर्नुपर्छ। नेपालको जस्तो समावेशी संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था वीरलै अन्त छ।

**सुशासनको निम्ति सरकारलाई तपाईँको सुझाव के छ ?**

हामीले जवाफदेहीतालाई वृद्धि गर्नुपर्‍यो। सबैलाई आफ्नो काम गर्ने पूर्ण छुट दिनुपर्‍यो। जवाफदेहीता, अनुगमन, दण्ड सजाय र पुरस्कारको व्यवस्थालाई प्रभावकारी ढङ्गले अगाडि बढाउनुपर्छ। सेवा प्रदान गर्ने सवालमा हाम्रोमा समस्या छ। त्यसलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ। सुशासन कायम गर्न भ्रष्टाचार अन्त्य गर्नुपर्छ। भ्रष्टाचार अन्त्यका लागि कानुनको पूर्ण रूपमा पालना गर्नुपर्‍यो।

**व्यवस्था परिवर्तन भएको छ, जनताको अवस्था परिवर्तनको विषयलाई कसरी हेर्नुभएको छ ?**

देशको व्यवस्था मात्रै परिवर्तन भएको छैन। जनताको अवस्था पनि परिर्वतन भएको छ। तर, जति हाम्रो आकांक्षा छ, त्यति हुनुपर्ने त्यति परिवर्तन भएको छैन। जनताको आकांक्षाअनुसार परिवर्तन गर्न हामीले सबै संयन्त्रलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनुपर्छ। जनताको अवस्था परिवर्तन गर्न पहिला राष्ट्रका र जनताका मुद्दालाई प्राथमिकीकरण गर्न जरुरी छ।

विकास, समृद्धि र स्थायित्वको निम्ति सबै दल एकै ठाउँमा आउनुपर्छ। कुनै पनि पार्टीले आफ्नो पार्टीको फाइदा हेर्नुहुँदैन। सरकारमा बस्दा सबै ठीक र सरकारबाट बाहिर आएपछि सबै बेठीक भन्ने भाष्य निर्माण गर्न खोजिएको छ। जुन गलत छ। राष्ट्रको सर्वोत्तम हितको निम्ति दलहरू एक ठाउँमा आउनुपर्छ।

**अन्त्यमा, आमजनतालाई तपाईँको सन्देश के छ ?**

मुलुकलाई ठीक ढङ्गले अगाडि बढाउन सरकार र राजनीतिक दललाई सचेत गराउनुपर्छ। नेतालाई प्रेरित गराउनुपर्छ। जनता आफूपनि प्रेरित हुनुपर्छ। निराश होइन, उत्साहका साथ देश विकासमा लागौँ। हामीलाई प्रकृतिले सुन्दर मुलुक दिएको छ। यसलाई समृद्ध बनाउन सबै लाग्नुपर्छ। सबै लागियो भने लोकतन्त्रको भविष्य अझ उज्ज्वल हुनेछ।

## सम्पादकीय

# विद्युत् आपूर्ति नियमित गर

देशकै अत्यधिक गर्मी हुने मध्येको एक ठाउँ हो बाँकेको सदरमुकाम नेपालगन्ज । भन्ने गरिन्छ नेपालमै सबैभन्दा बढी गर्मी नेपालगन्जमा हुने गर्दछ । उच्च गर्मी हुने ठाउँ नेपालगन्जमा भने पछिल्ला केही दिनयता दैनिक विद्युत् आपूर्ति अनियमितता हुँदै आएको छ । दैनिकरूपमा विद्युत् अनियमितता हुँदा यहाँका सर्वसाधारण नागरिकहरूको जीवन अत्यन्त कष्टकर बनेको पाइन्छ । विद्युत् आपूर्ति गर्ने निकाय नेपाल विद्युत् प्राधिकरण नेपालगन्ज वितरण केन्द्रप्रति यहाँका स्थानीयहरूले आक्रोस पोखिरहेका छन् । नेपालगन्जमा बढ्दै गइरहेको गर्मीमा विद्युत् सेवासमेत अनियमितता हुँदा नागरिकहरू आक्रोसित बनेका हुन् । नेपालगन्जमा गतवर्ष करिब ४५ डिग्री सेल्सियससम्म तापक्रम पुगेको थियो भने अहिले करिव ४२ डिग्रीसम्म पुगेको तथ्यांक छ । त्यसैपनि गर्मी ठाउँ, त्यसमाथि झ्यापझ्याप बत्ती जाने र आउने गर्दा यहाँका नागरिकको हालत खराब भइसकेको छ । विशेषगरी बालबालिका तथा वृद्धवृद्धामा झनै समस्या हुने गरेको छ । अत्यधिक गर्मीका कारण घरबाहिर निस्कने कुरा पनि हुँदैन्, भित्र बसौँ भनेपनि बत्ती हुँदैन्, एक दिन होइन, दुई दिन होइन सधैँ यस्तै । ४१, ४२ डिग्री सेल्सियस आसपासको चर्को गर्मी खेपिरहेका नागरिकले विद्युत् कार्यालयले नियमितरूपमा विद्युत् आपूर्ति नगर्दा र झ्यापझ्याप बत्ती काट्ने समस्या झेलिरहेका छन् ।

नेपालगन्जका स्थानीयले विद्युत् कार्यालयले चर्को गर्मीमा पनि विद्युत् नियमित आपूर्ति नगरेको भन्दै सामाजिक सञ्जालमार्फत् चर्को विरोध जनाइरहेका छन् । अत्यधिक गर्मीका साथै उम्सोबाट पीडित बनेका नेपालगन्जवासीहरूले विद्युत् कार्यालयले नियमितरूपमा विद्युत् आपूर्ति गर्नुपर्ने माग राखेका छन् । गर्मीले त्यसैपनि नागरिकहरू पीडामा छन्, त्यसमाथि विद्युत्ले आफ्नो मनलाग्दी बत्ती काट्दा नागरिक झन हैरानमा छन् । नागरिकहरूले बत्ती कतिबेला आउँछ, कतिबेला जान्छ, कति समयका लागि जान्छ जस्ता विषयहरूमा जानकारी पाउनुपर्छ । विद्युत् कार्यालयले यस विषयमा सर्वसाधारण नागरिकलाई जानकारी गराउनुपर्दछ । तर नागरिकहरू यसविषयमा अन्जान छन् । उनीहरूले सामाजिक सञ्जालमार्फत् जानकारी माग्ने गर्दछन् । तर उत्तर पाउँदैनन् । नेपालमा लोडसेडिङ छैन् तर अघोषितरूपमा दैनिकरूपमा दर्जनौं पटक बत्ती आउने र जाने गर्दछ । झ्यापझ्याप बत्ती जाने र आउने गर्दा नागरिकका पंखा, फ्रीज, कुलर, एसी, टेलिभिजन, कम्प्युटर लगायतका विद्युतीय उपकरणहरूमा समेत ठूलो क्षति हुने गरेको छ । साँच्चै भन्नुपर्दा यतिखेर गर्मीका साथै विद्युत् प्राधिकरणबाट नागरिकहरू अत्यन्तै पीडित बनेको पाइन्छ ।

विद्युत् प्राधिकरणले बिनाजानकारी बत्तीको लाइन काट्न पाउँदैन् तर अघोषितरूपमा लोडसेडिङ जस्तै गरेर बत्ती काटेको काट्यै गर्नु जायज हुन सक्दैन् । प्राधिकरणको पूर्वतयारी पनि गरेको देखिएन । नेपालगन्जमा यस वर्षमात्र नभएर हरेक वर्षको गर्मीयाममा यो समस्या दोहोरिरहेको हुन्छ । समस्याको पहिचान गरेर अर्को वर्षबाट बत्ती नियमित बनाउनतर्फ ध्यान दिनु जरुरी छ । दीर्घकालीनरूपमा योजना बनाएर कार्यान्वय गरी आमनागरिकहरूलाई नियमितरूपमा विद्युत् आपूर्ति गर्नका लागि ध्यान जानु जरुरी छ । बत्ती जाँदा नागरिकले खबर गरेको ठाउँमा तत्काल मर्मत सम्भार गर्नका लागि आवश्यक प्राविधिकको टोली परिचालन गर्नुपर्ने देखिन्छ । आफ्नो तहबाट हुनसक्ने र गर्नसक्ने सम्पूर्ण सेवाहरू नागरिकलाई तत्काल प्रवाह गर्न र आफ्नो तहबाट हुनसक्ने र गर्ननसक्ने समस्याहरूका बारेमा माथिल्लो निकायमा खबर गरी कार्यान्वयन गर्नका लागि विद्युत् प्राधिकरण वितरण केन्द्रले पहल गर्नु जरुरी छ । चर्को गर्मीमा नागरिकलाई सास्ती होइन् विद्युत् प्राधिकरणले राहत दिनु जरुरी छ । दीर्घकालीनरूपमा विद्युत् आपूर्ति अनियमितता हुने समस्याको हल गर्दै नागरिकलाई विद्युत् नियमित आपूर्ति सेवा प्रवाह गर्न विद्युत् प्राधिकरणको गम्भीर ध्यानाकर्षण होस् ।


## हाम्रो अनुरोध

हामीले प्रकाशित गरेका लेख, रचनामा प्रतिक्रिया जनाउन तथा आफ्ना साहित्यिक रचनाहरू प्रकाशित गर्न चाहनुहन्छ भने हामीलाई सम्पर्क गर्नुहोला ।

**महानन्द ढकाल**

साहित्यिक सम्पादक

सम्पर्क नं. ९८४४८०१०६६

इमेल: missiontodaydaily@gmail.com

"सूचनामा तपाईसँगको साझेदारी"
मिसन टुडे
www.missiontodaynews.com
राष्ट्रिय दैनिक


# विप्रेषणमा टिकेको नेपालको अर्थतन्त्र

सन् २०२३ मा प्रकाशित विश्व आर्थिक फोरमको रिपोर्टअनुसार सन् २०२७ सम्म विश्वको बजार श्रमशक्तिको प्रवृत्ति परिवर्तन हुँदै जाने र वर्तमान श्रम बजार संरचनामा २३ प्रतिशत रोजगारी संशोधित परिवर्तन हुने र ४४ प्रतिशत विद्यमान सीप रोजगारीलाई प्रत्यक्ष प्रभाव पर्ने उल्लेख छ । यसले विश्व श्रम बजारमा आठ करोड ३० लाख जनसङ्ख्यालाई प्रत्यक्ष प्रभाव पार्ने र नयाँ सीप भएका करिब छ करोड रोजगारी सिर्जना हुने पनि प्रक्षेपण गरिएको छ । यसले बजारमा थप अवसर र चुनौतीको सिर्जना गरेको छ ।



डा उदय रानामगर




विश्वव्यापीकरणपछि विश्वमा आप्रवासन एक तातो मुद्दा बनेको छ । विश्व आप्रवासन संगठन (आइओएम)को अनुमानअनुसार सन् २०२० मा विश्वमा करिब २८ करोड १० लाख अन्तर्राष्ट्रिय आप्रवासी छन्, जुन विश्वको जनसङ्ख्याको ३.६ प्रतिशत हो । विश्वव्यापीकरणसँगै विश्वको जनसङ्ख्यालाई एउटा भौगोलिक सीमाभित्र सीमित गर्न सकिँदैन । यसको कारण विश्वमा जता रोजगारी तथा व्यापारको अवसर छ, त्यता नै युवाको चाप बढ्ने गरेको छ । आप्रवासनबाट प्राप्त हुने विप्रेषण प्रायः देशका लागि प्राथमिक स्रोतको रूपमा रही आएको छ । विश्वमा सन् २०२२ मा अन्तर्राष्ट्रिय आप्रवासीहरूबाट ८३१ अर्ब अमेरिकी डलर विप्रेषण आर्जन भएको देखिन्छ । विश्व बजारमा आप्रवासीहरूको सङ्ख्या विभिन्न कालखण्डमा बढेर गएको छ ।

विश्वव्यापीकरणको कारण सन् १९७० को दशकमा विश्वको कूल जनसङ्ख्याको २.३ प्रतिशत जनसङ्ख्या मात्र आप्रवासनमा जाने गरेकामा सन् २०२४ मा आउँदा बढेको देखिन्छ । यसले विश्वव्यापीकरण पश्चात् विश्वका प्रायः सबै देशहरूबाट मानिसहरू आप्रवासनमा जाने प्रवृत्ति बढेको देखिन्छ ।

सन् २०२३ मा प्रकाशित विश्व आर्थिक फोरमको रिपोर्टअनुसार सन् २०२७ सम्म विश्वको बजार श्रमशक्तिको प्रवृत्ति परिवर्तन हुँदै जाने र वर्तमान श्रम बजार संरचनामा २३ प्रतिशत रोजगारी संशोधित परिवर्तन हुने र ४४ प्रतिशत विद्यमान सीप रोजगारीलाई प्रत्यक्ष प्रभाव पर्ने उल्लेख छ । यसले विश्व श्रम बजारमा आठ करोड ३० लाख जनसङ्ख्यालाई प्रत्यक्ष प्रभाव पार्ने र नयाँ सीप भएका करिब छ करोड रोजगारी सिर्जना हुने पनि प्रक्षेपण गरिएको छ । यसले बजारमा थप अवसर र चुनौतीको सिर्जना गरेको छ ।

दक्षिण एसियाली मुलुकहरूबाट वैदेशिक रोजगारीमा जानेको सङ्ख्या अन्य क्षेत्रको तुलनामा बढी छ । यो प्रवृत्ति नेपाल पनि उल्लेख्य छ । नेपाल सरकारले निषेध गरेको देशबाहेक जुनसुकै देशमा नेपालीहरू रोजगारीका लागि जानसक्ने व्यवस्था छ । हाल नेपाल सरकारले वैदेशिक रोजगारीको लागि एक सय ११ देशलाई स्वीकृत दिएको छ । यसबाट देश बाहिर रोजगारीमा जानेको लागि अवसरहरू बढ्दै गरेको देखिन्छ । प्राडा विश्वम्भर प्याकुरेलका अनुसार नेपालमा मध्यमस्तरको आर्थिक वृद्धि हुँदा पनि आर्थिक वृद्धि र रोजगारीबिच कुनै सम्बन्ध देखिँदैन ।

यो हुनुको प्रमुख कारण विशेष गरेर बढी रोजगारी प्रदान गर्ने निर्माण र कृषि क्षेत्रमा नभएर आर्थिक वृद्धि सेवा क्षेत्रमा सीमित भएकोले हो । तथ्याङ्कले के देखाउँछ भने एक प्रतिशत जिडीपी वृद्धि हुँदा सेवा क्षेत्रबाट मात्र ०.६१ प्रतिशत रोजगारी वृद्धि भएको छ । यसले नेपालमा रोजगारीको अभावलाई झनै बल्झाएको देखिन्छ । यसको कारण रोजगारीको खोजीमा वैदेशिक रोजगारीमा जानेको सख्या उल्लेख्य छ । अर्कातर्फ नेपालको अर्थतन्त्रको महत्वपूर्ण स्रोतको रूपमा रहेको विप्रेषणको विगत १० वर्षको औसत अवस्था हेर्दा कूल गार्हस्थ्य उत्पादनमा औसत अंश २३ प्रतिशत रहेको देखिन्छ ।

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको आर्थिक संरचनालाई नयाँ आकार दिएको छ । यहाँबाट बाहिरिने आर्थिक रूपमा सक्रिय जनसङ्ख्याले नेपालको विकासमा असर त गरेको छैन भन्ने कुरा सोचनीय बनेको छ । हुन त नेपालको वैदेशिक रोजगारीको इतिहास त्यति पुरानो नभएतापनि आर्थिक उदारीकरण नीतिको अवलम्बनपश्चात् यो बढ्न थालेको देखिन्छ । सन् १९९० को दशकबाट तीव्र भई वैदेशिक रोजगार जाने क्रम पनि बढेको देखिन्छ । नेपालमा बार्षिक नौ लाख मानिसहरू रोजगारी खोजीको क्रममा रहेको देखिन्छ । अध्ययनअनुसार एक प्रतिशत आर्थिक वृद्धि हुँदा ०.३३ प्रतिशतले रोजगारी वृद्धि हुने गरेको देखिन्छ । तर नेपालको सवालमा रोजगारीको पर्याप्त मात्रामा सिर्जना हुन नसक्दा यूवा रोजगारीको खोजीमा विदेशिने गरेका छन् ।

वैदेशिक रोजगारीबाट देशमा विप्रेषण आएकोले आर्थिक क्षेत्रमा भरथेग पुगेको छ । खाडीमुलुकमा जाने नेपालीहरूबाट आउने विप्रेषण गास, बास र स्वास्थ उपचारजस्ता क्षेत्रमा खर्च हुँदा रेमिट्यान्स पुँजी निर्माणमा उपयोगी हुन सकेको छैन । तथापि यो घरायसी आय र राष्ट्रिय जिडीपी वृद्धिको लागि प्रमुख स्रोत बनेको छ । यसले गर्दा रोजगारीको अवसर सिर्जना हुन नसक्दा फेरि पनि वैदेशिक रोजगारीमा जानेको सङ्ख्या बढ्ने गरेको छ । रेमिट्यान्सले देशमा वैदेशिक मुद्राको सञ्चिति बढाउन छ । यसबाट समग्र वित्तीय क्षेत्रको विस्तार भई आर्थिक विस्तारमा मद्दत पुर्‍याइरहेको छ । विप्रेषणले घरायसी तहमा खाना, लत्ताकपडा, स्वास्थ्य हेरचाह र बालबालिकाको शिक्षाजस्ता अत्यावश्यक वस्तुहरूका लागि रकम उपलब्ध गराएर गरिबी घटाउन सहयोग गरेको देखिन्छ । घरायसी आय र आर्थिक वृद्धिका लागि विप्रेषण महत्वपूर्ण पक्ष बनेको छ भन्ने देखिन्छ ।

यद्यपि पुँजी निर्माणमा यसको खासै उपयोगता देखिएको छैन । कूल प्राप्त हुने रेमिट्यान्सको ७९ प्रतिशत उपभोगमा नै खर्च हुने गरेको अध्ययनले देखाएको छ । जबकि प्राप्त भएको विप्रेषणको तीन प्रतिशत मात्र बचत हुने गरेको देखिन्छ ।

आर्थिक वृद्धिमा सकारात्मक योगदान दिने विप्रेषण अर्थतन्त्रको छोटो अवधिको समस्या समाधान गर्ने अवसर बनेको छ । विदेशी मुद्राको प्रमुख स्रोत, आयातमा योगदान गर्दै राजस्व वृद्धि, गरिबी न्यूनीकरण, भूइँतहका जनताको आधारभूत आवश्यकता परिपूर्ति, प्रतिव्यक्ति आय वृद्धि, शिक्षा, स्वास्थ्य, आवासमा लगानी वृद्धिद्वारा मानव पुँजी निर्माणमा सहयोगसिद्ध बनेको छ । तर पनि यो दीर्घकालीन रूपमा एउटै स्रोतमाथिको उच्चतमस्तरको निर्भरता मुलुकको लागि निकै जोखिमपूर्ण हुन्छ । विदेशी मुद्रा आर्जनको एकल स्रोतमाथिको निर्भरतालाई अर्थशास्त्रीय भाषामा डच डिजिज पनि भनिन्छ । यो तत्कालको लागि उपलब्धीमूलकजस्तो देखिएता पनि दिगो आर्थिक वृद्धि र विकासको दृष्टिले प्रत्युत्पादक बन्ने सम्भावना हुन्छ ।

पछिल्लो दुई दशकमा नेपालको अर्थतन्त्र न्यून आर्थिक वृद्धि र उच्च विप्रेषणको चपेटामा परेका छ । आन्तरिक रोजगारीका सीमित अवसर, वैदेशिक रोजगारीसँगै युवा पलायन, विप्रेषण आप्रवाहमाथिको अत्याधिक निर्भरताजस्ता समस्यासँग जुद्दै आएको छ । विप्रेषणमा मात्र धेरै भर पर्दा हामीले आन्तरिक उत्पादन बढाउनेतिर ध्यान दिन सकेको छैन । नेपालीहरूले विदेशबाट कमाएर ल्याएको रेमिट्यान्स फेरि विदेशी सामान आयातमै खर्च हुने गरेको देखिन्छ ।

सन् २००६ मा गौडेलले नेपालको सन्दर्भमा गरेको अध्ययनअनुसार विप्रेषण विकासोन्मुख राष्ट्रका लागि विदेशी मुद्राको महत्वपूर्ण स्रोत रहने गरेको औँल्याइएको छ । यो भुक्तानी सन्तुलन र चालु खाता बचतको लागि समेत महत्वपूर्ण हुने अध्ययनको निचोड छ । नेपालबाट रोजगारीका लागि विदेश जाने धेरै युवाले आफ्नो परिवारलाई निकै मिहेनत गरी विप्रेषण आर्जन गरी पठाउने गरेको उनको तर्क छ । यद्यपि, विप्रेषणको नकारात्मक पक्षले युवा पुस्तालाई लामो समयसम्म परिवारबिना बाहिर बस्दा उनीहरूमा जोखिम बढ्ने गरेको र अन्ततः उनीहरूले आफ्नो मातृभूमि छोड्ने प्रवृत्ति बढेको निष्कर्ष रहेको छ ।

त्यसैगरी नेपाल राष्ट्र बैंकले सन् २०२३ मा प्रकाशित प्रतिवेदनअनुसार विप्रेषणका रूपमा भित्रिएको रकममध्ये दैनिक उपभोगमा मात्र ५८.७८ प्रतिशत खर्च हुने गरेको देखिएको छ भने शिक्षा तथा स्वास्थ्य क्षेत्रमा २२.४८ प्रतिशत, ऋण तिर्न १०.७ प्रतिशत र मनोरञ्जन तथा अन्य क्षेत्रमा ८.६७ प्रतिशत खर्च गर्ने गरेको पाइएको छ । अध्ययनमा समेटिएका परिवारमध्ये ९६.६१ प्रतिशत परिवारको दैनिक उपभोग खर्च वैदेशिक रोजगारीमा जानुपूर्वको तुलनामा बढेको पाइएको छ । त्यस्तै, ९६.१ प्रतिशत परिवारको चाडपर्व, मनोरञ्जन, सामाजिक खर्च समेत बढेको पाइएको छ ।

विदेशबाट पठाएको पैसा विभिन्न क्षेत्रमा लगानी भएको स्थिति समीक्षा गर्दा अनुत्पादक क्षेत्रमा नै बढी लगानी भएको देखिन्छ । व्यापार व्यवसायमा लगानी गर्ने ६८.२१ प्रतिशत, घरघडेरीमा लगानी गर्ने ६५.८ प्रतिशत र गरगहना खरिद गर्ने ६३.१९ प्रतिशत रहेको छ । समग्रमा विप्रेषणले अर्थतन्त्रमा खेल्ने भूमिकालाई लिएर केही विवाद छ । यसले कम विकसित देशहरूको विकासमा योगदान गर्दछ भन्ने पक्ष एकतर्फ छ भने अर्कातर्फ जनशक्ति बाहिरिँदा देशको विकासले फड्को मार्न सक्दैन भन्ने पक्ष पनि त्यतिकै छ । नेपालमा विप्रेषणबाट आर्जित आयका कारण दलाल अर्थतन्त्रअर्थात् उत्पादन नै नगरी कमाउने विचौलिया अर्थतन्त्र फस्टाएको भन्ने गरिन्छ ।

वैदेशिक रोजगारीबाट प्राप्त भएका धेरैजसो विप्रेषण उपभोगमा मात्र खर्च गर्ने प्रवृत्तिका कारण देशको विकासमा योगदान गर्न सक्दैन भन्ने तर्क बलियो छ । अर्कातर्फ देशको युवा जनशक्ति बाहिरिँदा उत्पादन क्षेत्रमा सङ्कुचन आई उपभोग्य वस्तुहरू समेत बाहिरबाट नै आयात गर्ने अवस्था देखिन्छ । देशभित्र भित्रिएको विप्रेषणले फेरि पनि आयातलाई बढावा दिँदै आएकाले अर्थतन्त्रमा खासै योगदान गर्न सक्दैन भन्ने तर्क पनि छ । तथापि, विप्रेषण नेपाली अर्थतन्त्रको लागि अनिवार्य छ तर यो अर्थतन्त्रको लागि स्थायी स्रोत भने होइन । सरकारले श्रम आप्रवासीको रेकर्ड राख्न थालेदेखिको विवरण हेर्दा नेपाली कामदार सबैभन्दा बढी जाने गन्तव्य देशहरूमा मलेसिया, कतार, साउदी अरेबिया, युएई र कुवेत मुख्य रहेको देखिन्छ । नेपाल भित्रने मानिसहरूको प्रवेश बढ्यो भने जीडीपी बढ्छ; यसको विपरीत यदि जीडीपीमा आकार सानो छ भने जनसङ्ख्याको आगमन पनि घट्छ । त्यसकारण नेपालमा आउने पर्यटक वा वैदेशिक रोजगारीबाट फर्केका मानिस र कुल गार्हस्थ्य उत्पादनबीच एकतर्फी सकारात्मक सम्बन्ध भएको देखिन्छ ।

विदेशी नेपाल आउँदा उनीहरूले गर्ने खर्चले कूल गार्हस्थ्य उत्पादनलाई बढाउन सहयोग गर्दै आएको छ । वैदेशिक रोजगारीबाट फर्कने नेपालीले पनि विदेशबाट केही पैसा, सीप र काम गर्ने बानी लिएर आउँछन् । त्यसपछि आर्जित रकम आर्थिक गतिविधिहरूमा लगानी गर्छन् र ती गतिविधिहरूबाट अर्थतन्त्रमा प्रभाव गर्दछ । यो नतिजाले विदेशबाट आउनेको सङ्ख्या जति बढी हुन्छ, त्यति नै आर्थिक विकासको सम्भावना पनि बढ्छ भन्ने देखाएको छ । तसर्थ, विद्यमान अवस्थामा नेपाल भित्रने पर्यटक तथा वैदेशिक रोजगारीबाट फर्कने युवा दुवै पक्षले नेपालको अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्छ भन्ने देखियो । यदि देशको आर्थिक वृद्धिदर बढी वा घटी हुँदा वैदेशिक रोजगारीमा जाने मानिसमा प्रभाव पार्दछ भन्ने देखिन्छ । देशको जीडीपी बढ्दा देशमा रोजगारीको अवसर सिर्जना हुन्छ र रोजगारीको लागि बाहिरिने जनशक्तिमा कमी आउछ । यसरी देशको कूल गार्हस्थ्य उत्पादनले बिदेशिने मानिसको सङ्ख्या बढाउने वा घटाउने कार्यमा प्रभाव पार्ने गरेको देखाएको छ ।

हाल देशबाट दैनिक करिब १५०० को सङ्ख्यामा युवाहरू बाहिरिरहेको भन्ने गरिन्छ । ती युवाहले पठाएको विप्रेषणले कुल गार्हस्थ्य उत्पादन विस्तारका लागि महत्वपूर्ण छ । विप्रेषणले समग्र आर्थिक विकासमा मात्र नभई गरिबी न्यूनीकरणमा समेत महत्वपूर्ण रहेको छ । आर्थिक वर्ष २०६०/६१ मा कूल विप्रेषण प्राप्त रकम रू ५८.६ अर्ब रहेकामा त्यतिबेला नेपालमा गरिबीको रेखामुनिको जनसङ्ख्या ३०.९ प्रतिशत थियो । अर्कातर्फ सोही समयमा ३१.९ प्रतिशत घरपरिवारले विदेशबाट विप्रेषण प्राप्त गरिरहेका थिए । त्यसैगरी आर्थिक वर्ष २०८०/८१ मा कूल विप्रेषण आप्रवाह रु एक हजार १९१ अर्ब छ भने २० प्रतिशत जनता गरिबीको रेखामुनि छन् । विप्रेषण प्राप्त गर्ने घरपरिवारको तुलनामा प्राप्त नगर्ने परिवारहरू गरिबीमा फस्ने सम्भावना २.३ प्रतिशत बढी रहेको देखियो । विप्रेषण आप्रवाहमा १० प्रतिशत वृद्धि हुँदा नेपालमा १.१ प्रतिशतले गरिबी घट्ने गरेको भन्ने कुरा अध्ययनले देखाएको छ । यसरी हेर्दा नेपालको गरिबी घटाउनमा विप्रेषणको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । त्यसैगरी विप्रेषण साक्षरता बढाउनमा पनि उपयोगी भएको देखाएको छ । विप्रेषण प्राप्त गर्ने घरपरिवारमा साक्षरता दर उच्च भएको देखाउँछ । आर्थिक वर्ष २०६०/६१ को तथ्याङ्क हेर्दा विप्रेषण रकम रु ५८.६ अर्ब रहेको देखिन्छ भने साक्षरता दर ५१ प्रतिशत मात्रै रहेको छ भने आर्थिक वर्ष २०८१/८२ मा विप्रेषण बढ्दा साक्षरता दर पनि बढेर ७८ प्रतिशत पुग्यो । यसैगरी विप्रेषणले स्वास्थ्यको पहुँच वृद्धि गरेसँगै पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर घटाउन मद्दत गरेको पाइयो ।

वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका लागि नेपाल सरकारले विभिन्न देशहरूसँग श्रम सम्झौता गर्दै पनि आइरहेको छ । जसले गर्दा नेपालहरूको लागि रोजगारीको लागि थप देशहरू खुला हुँदै पनि छ । हाल नेपालीलाई बढी रोजगारी उपलब्ध गराउने पाँच देशहरू मलेसिया, कतार, साउदी अरेबिया, युएई र कुबेत रहेका छन् । यी देशहरूमा समेत कोभिड कारण रोजगारीको अवसर खुम्चिएकामा विस्तारै पुनः बढ्न हुन थालेको छ । वैदेशिक रोजगारी बढ्न थालेको सन्दर्भमा हाम्रा युवाहरूमा उच्च सीप व्यावसायिक तालिम प्रदान गरी थप दक्ष र सीपमूलक बनाउन आवश्यक छ । त्यस दिशामा नेपाल सरकारको ध्यान जानुपर्दछ । अध्ययनले नेपालमा आउने र नेपालबाट बाहिरिने दुवै पक्ष अर्थतन्त्रको लागि महत्वपूर्ण रहेको छ । तर लामो समयसम्म वैदेशिक रोजगारी माथिको निर्भरता हाम्रो लागि दीर्घकालीन हितमा छैन ।

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको विद्यमान आर्थिक अवस्थालाई कमजोर हुन नदिन सञ्जिवनीको काम गर्दै आएको छ । देशमा पर्याप्त मात्रामा रोजगारीको सिर्जना हुन नसकिरहेको अवस्थामा वैदेशिक रोजगारी नेपालको हकमा अपरिहार्य भएको छ । देशभित्र नै रोजगारी सिर्जना गर्नु भनेको मजबुत अर्थतन्त्र र विकासको लागि प्रस्थान विन्दु हो । तर रोजगारीको अवसर देशभित्र पर्याप्त मात्रामा नहुँदा वैदेशिक रोजगारी एकमात्र विकल्प बनेको छ । कोभिड महामारीपछि पुनर्बहालीको अवस्था, विश्वव्यापी श्रम बजारमा आएको आमूल परिवर्तन, आर्टिफिसियल इन्टिलिजेन्स (एआई)ले उत्पन्न गरेको चुनौतीलाई समेत मध्यनजर गरी श्रमशक्ति प्रक्षेपण योजना बनाई रोजगारी सिर्जना गर्नुपर्ने अवस्था एकातिर छ भने अर्कातर्फ विदेशबाट प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ भने वैदेशिक रोजगारीमा जाने श्रमिकको दक्षता अभिवृद्धि गर्दै उच्च आम्दानी हुने स्थान र क्षेत्रमा केन्द्रीत गर्नुपर्दछ ।

वैदेशिक रोजगारमा जाने व्यक्तिलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनुपर्छ भने आर्थिक कुटनीति र श्रम कुटनीतिको माध्यमबाट वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नुपर्दछ । विप्रेषणलाई सही सदुपयोगका लागि वित्त तथा मौद्रिक नीतिका विभिन्न उपकरणको परिचालनद्वारा विप्रेषण औपचारिक माध्यमबाट भित्र्याउनुको साथै त्यसलाई पुँजी निर्माणमा खर्च गर्नुपर्दछ । यसो गर्न सकिएको खण्डमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले देशको अर्थतन्त्रमा सकारात्मक भूमिका खेल्ने देखिन्छ ।

*(लेखक बागमती प्रदेशको सचिव हुन्)*

# उत्कृष्ट नतिजा ल्याउनेलाई पचालझरनाले एमबीबीएस पढाउने



**मिसन संवाददाता**
*वीरेन्द्रनगर, २९ जेठ*

कालिकोट पचालझरना गाउँपालिकाले कक्षा १२ को परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई एमबीबीएस पढाउने नीति लिएको छ। आव २०८२/०८३ को नीति तथा कार्यक्रम सार्वजनिक गर्दै गाउँपालिकाले यस्तो बताएको हो।

बुधबार पालिका केन्द्र पडेक्षामा पालिका अध्यक्ष देवराज शाही 'अग्नी'ले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै कक्षा १२ को परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई एमबीबीएस पढ्नका लागि छात्रवृत्ति दिने बताए।

साथै गाउँपालिकाले 'राष्ट्रसेवक कर्मचारी पचालझरनाको शान, सरकारी सेवामा प्रवेश गर्नेलाई पालिकाको सम्मान' जस्ता कार्यक्रम ल्याएको छ। अध्यक्ष शाहीले आव ०८२/०८३ मा गाउँपालिकावासीको आवश्यकता र संघीयताको मर्म र भावनाअनुरूप योजना सम्झौताको लागि वडावडामा घुम्ती शिविर गर्ने बताए। उक्त शिविरमार्फत् घुम्ती योजना सम्झौता शिविर सञ्चालन गरी आयोजनासम्बन्धी कार्यलाई चुस्त, दुरुस्त, छिटो, छरितो रूपमा जनताको घर दैलोमा प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाइने उनले उल्लेख गरे।

'गाउँपालिकाबाट हुने सेवा प्रवाह, निर्णय निर्माण, नीति निर्माण र विकास निर्माणका कार्यलाई प्रभावकारी बनाउन, कार्यालयको समग्र सेवा प्रवाहलाई व्यवस्थित र समायानुकूल बनाउन वार्षिक कार्ययोजना सहित लागु गरिनेछ,' उनले भने, 'गाउँपालिकाको स्वीकृत दरबन्दी संरचना, स्थानीय आवश्यकता र राजस्व क्षमताको आधारमा विद्यमान कर्मचारी संगठनलाई चुस्तदुरुस्त बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने सम्बन्धमा आवश्यक पहल थालिने छ।'

पालिकाले 'कृषि उत्पादनमा वृद्धि पचालझरनाको समृद्धि' भन्ने योजना ल्याएको छ। कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व बढाउँदै गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रको योगदानमा वृद्धि गरिने अध्यक्ष शाहीले बताए। उनका अनुसार गाउँपालिकामा खाद्यान्न, तरकारी, फलफुल, नगदेबाली स्थानीय रैथाने बालीको प्रवर्द्धन तथा व्यवसायीकरणका लागि प्रोत्साहन गरिने छ।

यस्तै देशकै अग्लो मानिएको पचालझरनाको प्रचारप्रसारको लागि कार्यक्रमसहित आवश्यक पहल गर्ने उल्लेख छ। नीति तथा कार्यक्रममा गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय, धार्मिक सांस्कृतिक महत्वका क्षेत्रको एकीकृत विकास र प्रवर्धनको लागि एकीकृत पचालझरना पर्यटन गुरुयोजना निर्माणको लागि आवश्यक व्यवस्था मिलाइने बताइएको छ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली प्रदेश अस्पताल र जिल्ला अस्पतालसँगको समन्वय र सहकार्यमा पालिकास्तरीय एकीकृत स्वास्थ्य शिविर सञ्चालनको लागि आवश्यक पहल गरिने जनाइएको छ। स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन स्थानीय सरकार लागिपर्ने पालिकाले जनाएको छ।

# बिग्रेको डेढ महिना हुँदा पनि बनेन स्यार्पु जलविद्युत्

**प्रचण्ड खत्री**
*रुकुम पश्चिम, २९ जेठ*




रूकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर ३ मा रहेको स्यार्पु साना जलविद्युत् आयोजना बिग्रिएको डेढ महिना पुगेको छ। तर मर्मत गरेर विद्युत् सुचारु गर्नेमा कसैको ध्यान पुगेको छैन्। २०४२ सालमा निर्माण भएको जलविद्युत् आयोजना बिग्रिएको ४६ दिन पुग्दासमेत यहाँका प्रतिनिधि सभा सदस्य तथा प्रदेश र स्थानीय तहका जनप्रतिनिधिले अहिलेसम्म चासो दिएका छैनन्।

नेपालमा दैनिक २० घण्टासम्म लोडसेडिङ हुँदा बाफिँकोट र आसपासका स्थानीय तहमा लोडसेडिङको समस्या बेहोर्नु परेको थिएन। चैतको अन्तिमतिर बिग्रेको आयोजना निर्माणमा अहिलेसम्म कसैले आवाज उठाएका छैनन्।

खाली टिप्पर दौडाउने बेला ड्राइभरको बेवास्ताका कारण पेनेस्टिकको पाइपमा समेत क्षति पुगेको छ।

त्यसबाट पानी चुहिएका कारण विद्युत् अवरुद्ध भएको छ। साथै पेनेस्टिक पाइपका ४ वटा पिल्लरमा पनि क्षति पुगेको छ। टिप्पर सञ्चालक र नेपाल विद्युत् प्राधिकरण रूकुम पश्चिमबीच कुरा नमिल्दा विद्युत् सुचारु हुन नसकेको स्थानीयहरूको भनाइ छ।

यहाँका जनताले समस्या भोगिरहेका छ। यस ठाउँमा विद्युत्को केन्द्रीय प्रसारण लाइन आए तापनि अघोषित लोडसेडिङको समस्या भोग्नु परेको छ। आजभोलि २ घण्टा बत्ती आउने र बाँकी २२ घण्टा बत्ती नहुँदा स्थानीयले सास्ती भोगिरहेका छ्न। बिग्रेको विद्युत् बनाउने तिर कसैको ध्यान गएको छैन। अहिलेसम्म झारा मेट्ने काम भएको सरोकारवालाको भनाइ छ।

# दलित बालिकालाई करिब २८ लाख छात्रवृत्ति वितरण




**मिसन संवाददाता**
*सुर्खेत, २९ जेठ*

कर्णाली प्रदेशका ६ जिल्लामा रहेका दलित समुदायका बालिकाहरूलाई २७ लाख ९६ हजारको छात्रवृत्ति रकम वितरण गरिएको छ।

मानव अधिकार तथा शान्ति समाजद्वारा सञ्चालित ३ वर्षे कर्णाली केन्द्रित छात्रवृत्ति कार्यक्रम अन्तर्गत उक्त रकम वितरण गरिएको हो। दलित समुदायका बालिकाहरूलाई २७ लाख ९६ हजारको छात्रवृत्ति रकम वितरणसँगै उक्त कार्यक्रम पनि जेठको अन्तिम साता सम्पन्न भएको छ।

आर्थिक वर्ष २०८० बाट सुरु भएको यो कार्यक्रमअन्तर्गत पहिलो वर्ष ६ जिल्लाका ८४ जना दलित समुदायका बालिकाले छात्रवृत्ति पाएका थिए। यस्तै २०८१ मा घटेर ७९ जनाले छात्रवृत्ति पाउँदा २०८२ मा ७० जना दलित समुदायका बालिकाले छात्रवृत्ति पाएका छन्।

विभिन्न कारणले बालिकाहरूले विद्यालय छोड्दा छात्रवृत्ति पाउनेको सङ्ख्या प्रत्येक वर्ष घटेको हो। बालिकालाई कक्षा ६, ७ र ८ सम्म अध्ययन गर्न जनही १२ हजारका दरले ३ वर्षसम्म छात्रवृत्ति प्रदान गरिएको थियो। ३ वर्षको कूल छात्रवृत्ति रकम २७ लाख ९६ हजार वितरण गरिएको हो।

छात्रवृत्ति पाउनेमा कर्णाली प्रदेशका हुम्ला, मुगु, जुम्ला, कालिकोट, दैलेख र सुर्खेत जिल्लाका १० वटा विद्यालयमा अध्ययनरत अतिविपन्न परिवारका दलित छात्राहरू रहेका छन्। उनीहरूलई उक्त छात्रवृत्ति रकम वितरण गरिएको हो। 'छोरी पढाऔं: गरिमा बढाऔं' भन्ने मुख्य नारा रहेको उक्त छात्रवृत्ति अभियानले दलित समुदायका छात्राहरूलाई ३ वर्ष मात्रै भएपनि पढाइ खर्चमा टेवा पुऱ्याएको थियो।

नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य तथा निःशुल्क हुने व्यवस्था छ। तर यो व्यवस्था सर्वसुलभ र सर्वसाधारणको पहुँचमा नहुँदा कर्णाली केन्द्रित छात्रवृत्ति वितरणको दोस्रो वर्ष ५ जना र तेस्रो वर्षसम्म आउँदा १४ जना बालिकाहरूले विद्यालय छोडेको तथ्यांक छ। विद्यालय छोडेका बालिकाहरू घरायसी काम तथा आफ्ना बा-आमासँगै छिमेकी मुलुक भारतमा काम गर्न गएको पाइएको छ भने कतिपयले बालविवाह गरेर पढ्न छोडेका छ्न्।

बालिकाहरूको पढाइ निरन्तरताका लागि सञ्चालित छात्रवृत्ति कार्यक्रमको बीचमै १४ जनाले विद्यालय छोड्नु दुःखद पक्ष रहेको शान्ति समाजका महासचिव प्रकाश शाहीले बताए। कर्णालीमा दलित समुदायमा बालबिवाह कहाली लाग्दो अवस्थामा रहेको उनको भनाइ छ। राज्यका निकायहरूले दलित छात्राहरूको पढाइ निरन्तरताका लागि ठोस योजना तथा कार्यक्रम ल्याइ विशेष सहयोग पुऱ्याउन जरुरी रहेको उनले बताए। उनले भने, 'कतिपयलाई गरिबीका कारण बीचमै विद्यालय छोड्नुपर्ने बाध्यात्मक परिस्थिति रहेको पाइयो भने छात्रवृत्ति कार्यक्रम राज्यलाई थप उत्तरदायी र जिम्मेवार बनाउन उदाहरणस्वरूप सञ्चालन गरिएको थियो।'

उनका अनुसार कर्णाली केन्द्रित छात्रवृत्ति रकम शान्ति समाजका ८० जना सदस्य तथा शुभ चिन्तकहरूबाट संकलन भएको हो भने कर्णाली केन्द्रित छात्रवृत्ति कार्यक्रम निरन्तरताका लागि समाजले एउटा स्थायी अक्षयकोष स्थापना गरेको थियो। सो कोषबाट अतिविपन्न परिवारका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने योजना बनाएको थियो। जसका लागि हालसम्म १८ लाखको प्रतिबद्धता रकम आइसकेको महासचिव शाहीले बताए। उनका अनुसार सम्पूर्ण मनकारी दाताहरूलाई उक्त छात्रवृत्ति अक्षयकोष निर्माण कार्यमा जोडिन आग्रह गरिएको छ।

# तिला गाउँपालिकाको गाडी तोडफोड


**मिसन संवाददाता**
*जुम्ला, २९ जेठ*

तिला गाउँपालिकाको गाडी तोडफोड गरिएको छ। बुधबार गाउँपालिका-४ मा राखिएको गाडी अज्ञात समूहले तोडफोड गरेको हो। गाउँपालिकाका अध्यक्ष मोतिलाल रोकायाले चढ्दै आएको गाडी तोडफोड भएको गाउँपालिकाका सूचना अधिकारी बखतबहादुर हमालले जानकारी दिए। उनका अनुसार अध्यक्ष रोकाया, उपाध्यक्ष गोरीकला बुढा, वडाध्यक्ष र कार्यपालिका सदस्यहरू गाडी चढेर वडा नम्बर ४ मा बालविवाहमुक्त वडा घोषणा कार्यक्रममा सहभागी भएका थिए।

पछि कार्यक्रम सकेर फर्किने क्रममा गाडीको पछाडीको भागको सिसा तोडफोड भएको भेटिएको हो। गाउँपालिकाले उक्त स्कार्पियो गाडी भर्खरै खरिद गरेको हो। गाडी गाउँपालिकामा पुऱ्याएको भोलिपल्टै वडापालिकाको हाताभित्र तोडफोड भएको सूचना अधिकारी हमालले जानकारी दिए। गाडी किन र कसले तोडफोड गरेको हो भन्ने पत्ता लागेको छैन।

जिल्ला प्रहरी कार्यालय जुम्लाले सरकारी सवारीसाधन तोडफोड गर्नेको खोजी कार्य जारी रहेको जनाएको छ। कार्यालयका अनुसार गाडी तोडफोड गर्नेबारे अनुसन्धान तथा खोजी कार्य जारी छ।

केही दिनअघि मात्रै विकास निर्माणबारे योजनाको अनुगमनका क्रममा तिला गाउँपालिका-५ का वडाध्यक्ष ललित शाहीमाथि सोही वडामा चक्कु प्रहार भएको थियो। सोहीबेला तिला-४ का वडाध्यक्ष धनबहादुर शाहीमाथि पनि ढुंगा प्रहार भएको थियो। सोही स्थानमा बुधबार गाडी तोडफोड भएको हो।




## कर्णालीमा २७ फरार अभियुक्त पक्राउ

**वीरेन्द्रनगर।** नेपाल प्रहरीले कर्णाली प्रदेशभर छ दिनमा २७ जना फरार अभियुक्त पक्राउ गरेको छ।

प्रदेश प्रहरी कार्यालय मातहतका विभिन्न जिल्लाहरूमा फरार अभियुक्तलाई पक्राउ गर्ने अभियानअन्तर्गत पछिल्ला छ दिनमा २७ जनालाई पक्राउ गरिएको हो।

विभिन्न अपराधमा संलग्न रही अदालतबाट कैद तथा जरिवाना तोकिएका फरार अभियुक्तलाई पक्राउ गरिएको प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक माधवप्रसाद श्रेष्ठले जानकारी दिए। उनका अनुसार ती अभियुक्तहरू अदालतको फैसला कार्यान्वयन छली फरार रहेका थिए।

प्रहरीले विशेष निगरानी, सुराकी र रणनीतिक अनुसन्धानका आधारमा उनीहरूलाई पक्राउ गरी सम्बन्धित अदालतमा पेस गरिएको प्रहरी नायब महानिरीक्षक श्रेष्ठले बताए। पक्राउ परेका अभियुक्तहरूबाट हालसम्म जम्मा ३२ वर्ष ११ महिना २० दिन कैदसजायसहित रु २३ हजार १०० बराबरको जरिवाना असुल गरिएको उनले बताए।

**पेन्सन पट्टा हराएको सूचना**

मिति २०८२/०१/१४ गते कोहलपुरदेखि शम्शेरगञ्ज जाने क्रममा शसीकला बटालाको नाममा रहेको सशस्त्र प्रहरीको पेन्सन पट्टा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगाना सम्पर्क गरिदिनुहुन अनुरोध छ।

**नामः** शसीकला बटाला
**ठेगानाः** राप्ती सोनारी-८, बाँके
**पेन्सन पट्टा नं.:** ५६४६६
**सम्पर्क नं.:** ९८४८०१८५९०

**बाणगङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाणगङ्गा, कपिलवस्तु**
**लुम्बिनी प्रदेश, नेपाल**

**शिलबन्दी बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०८२/२/३० गते**

बाणगंगा नगरपालिकाबाट सूचना प्रकाशित गरिए बमोजिम पर्न आएका दरभाउपत्रहरू मध्ये न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त दरभाउपत्र सँग सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| सि. नं. | ठेक्का नं | कामको विवरण | छनोट भएको बोलपत्रदाता/दरभाउपत्र | कबोल अंक रकम मु.अ.कर सहित रु | कैफियत |
|---|---|---|---|---|---|
| १. | 113/NCB/BMO/KAPIL/GOODS/81-82 | Supply and Delivery of Air Conditioner (AC) | सिरु भाई आई.सि.ई.टी.प्रा.लि | २७,५१,५५०।०० | |
| २. | 116/NCB/BMO/KAPIL/WORKS/81-82 | Construction of Ward Office Building ,Ward 11 | निम्ता कन्ट्रक्सन | १,३७,४३,४८८।१३ | |
| ३. | 117/NCB/BMO/KAPIL/WORKS/81-82 | Construction of City Police Building | निम्ता कन्ट्रक्सन | १,००,५१,१६४।०७ | |

प्रमुख प्रशासकीय अधिकृत

**Panchapuri Municipality**
**Office of Municipal Executive**
**Babiyachaur, Surkhet**
**Karnali Province, Nepal**

**Letter of Intent (LOI)**

**Date : 2025, June 11**

As per the clause(27) sub-clause(2) of public procurement act 2063, this is to notify you that, it is our intention to award the contract dated for Procurement of sanitary pad for Panchapuri Municipality for fiscal year 2081/82, ID : PMO/SKT/NCB/GOODS/081-082/09 to you as your bid price of Rs. 1850692.53 (In words Eighteen Lakhs fifty thousands six hundred ninety two rupees fifty three paisa ) including VAT as corrected and modified in accordance with instruction to bidders is hereby selected as substantially responsive lowest evaluated bid .

**Chief Administrative Officer**

# सुदूरका चार सीमा नाकामा कोरोना परीक्षण



मिसन संवाददाता
*कञ्चनपुर, २९ जेठ*

भारतबाट फर्कने व्यक्तिहरूमा कोरोनाको सङ्क्रमण देखा पर्न थालेपछि सुदूरपश्चिमका सीमा नाकामा रहेका 'हेल्थ डेस्क'मा स्वास्थ्य परीक्षणको व्यवस्था गरिएको छ। भारतसँग सीमा जोडिएका प्रदेशका चारवटा क्षेत्रमा हेल्थ डेस्कमार्फत शङ्कास्पद बिरामीको 'एन्टिजेन' परीक्षणको व्यवस्था गरिएको सुदूरपश्चिम प्रदेश प्रादेशिक आपतकालीन कार्य सञ्चालन केन्द्रका सूचना अधिकारी हेमराज जोशीले जानकारी दिए।

उनका अनुसार कञ्चनपुरको गड्डाचौकी, कैलालीको गौरीफण्टा, बैतडीको झुलाघाट र दार्चुलाको पुलघाट सीमा नाकामा रहेका हेल्थ डेस्कमा कार्यरत स्वास्थ्यकर्मीहरूले कोरोनाका शङ्कास्पद बिरामीको पहिचान गरी एन्टिजेन परीक्षणको कार्य गरिरहेका छन्।

'कोरोना परीक्षणका लागि प्रयोग हुने किट चारवटै हेल्थ डेस्कमा पुऱ्याइ परीक्षण कार्य भइरहेको छ,' जोशीले भने, 'किटको आपूर्ति थोरै मात्रामा भएकाले आवागमनलाई मध्येनजर गरी प्राथमिकताका आधारमा उपलब्ध गराएका छौँ।'

हाल झुलाघाटलाई ५५, पुलघाटलाई २५, गड्डाचौकीलाई १०० र गौरिफण्टा हेल्थ डेस्कलाई १५० किट उपलब्ध गराइएको छ। सीमा नाकामा भारतबाट खेतीपातीका लागि फर्कनेहरूको सङ्ख्या बढ्दै गएकाले थप किट आपूर्ति गरिदिनका लागि सम्बन्धित विभागमा पत्राचार गरिएको सूचना अधिकारीले जानकारी दिए।

उच्च शङ्कास्पद बिरामीको पहिचान गरी एन्टिजेन परीक्षण गर्ने व्यवस्था गरिएको उनले बताए। भारतमा कोरोना संक्रमितको सङ्ख्या बढ्न थालेपछि सीमा नाकामा रहेका हेल्थ डेस्कलाई सक्रिय पारिएको हो। यही जेठ २१ गते गौरिफण्टा सीमा नाकाबाट भित्रिने यात्रुको कोरोना परीक्षणको कार्य सुरु गरिएको थियो भने जेठ २७ गतेदेखि थप तीनवटा सीमा नाकामा जाँचको व्यवस्था गरिएको छ। यही जेठ २१ देखि २८ गतेसम्म सीमा नाका भएर फर्कने १६ जनाको एन्टिजेनको नतिजा पोजेटिभ आएको छ।

गड्डाचौकी हेल्थ डेस्कमा कार्यरत स्वास्थ्यकर्मी विशाल भट्टले यात्रुको चापअनुसार किटको सङ्ख्या थोरै रहेको बताए। 'शङ्कास्पद बिरामीको कोरोना जाँच कार्य भइरहेको छ,' उनले भने, 'हेल्थ डेस्कमा पुनः कोरोना चेकजाँचको कार्य भएयता नतिजा नेगेटिभ रहेको छ।' सीमा नाकामा सञ्चालित डेस्कमा सातजना कर्मचारी कार्यरत रहेका छन्।

# नियमविपरीत सुविधा लिँदै जनप्रतिनिधि

मिसन संवाददाता
*कैलाली, २९ जेठ*




कैलालीको लम्कीचुहा नगरपालिकाका जनप्रतिनिधिले सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सुविधासम्बन्धी ऐन २०७५ को दफा १२ विपरीत दुई लाख ९० हजार सात सय रूपैयाँ अनुगमन भत्ता लिएका छन्। सो ऐनको दफा १२ मा ऐनमा उल्लेख गरेकोबाहेक अन्य सुविधा लिन नपाउने उल्लेख छ।

तर, लम्कीचुहा नगरपालिकाकी प्रमुख सुशीला शाहीले दुई पटक गरी ५३ हजार ५५०, उपप्रमुख जुना चौधरीले तीन पटक गरी ७९ हजार ५०, वडा नम्बर ७ का वडाध्यक्ष भगवानदिन चौधरीले दुई पटक गरी ७२ हजार २५०, कार्यपालिका सदस्य ज्योति विकले दुई पटक गरी ७२ हजार २५०, वडा नम्बर १० का वडाध्यक्ष हर्कबहादुर कठरियाले छ हजार आठ सय र वडा नम्बर ३ का वडाध्यक्ष लवबहादुर शाहीले छ हजार आठ सय रूपैयाँ अनुगमन भत्ता बुझेको महालेखा परीक्षकले जनाएको छ।

लम्कीचुहा नगरपालिकाकै तीन जना कार्यपालिका सदस्यले सुविधासम्बन्धी ऐनमा उल्लेखनै नभएको आर्थिक सहायता लिएका छन्। कार्यपालिका सदस्यहरू दुर्गादेवी ओखेडा, कोकिलादेवी दमाई र समीक्षा ओडले ५०/५० हजारका दरले एक लाख ५० हजार रूपैयाँ आर्थिक सहायता लिएका छन्। महालेखा परीक्षकले यो रकमलाई अनियमित भएको सूचिमा राखेको छ।

लम्कीचुहाका जनप्रतिनिधिहरूले ऐनमा उल्लेख नभएको पोशाक सुविधा जनही चार हजार ८९९ का दरले लिएका थिए। गोदावरी नगरपालिकाका जनप्रतिनिधि समेतले नौ हजार ६५० रूपैयाँका दरले पोशाक सुविधा लिएका थिए। तर महालेखा परीक्षकले प्रश्न उठाएपछि नगरपालिकाहरूले सो बेरुजु फछ्र्यौट गरेपछि महालेखा परीक्षकले संपरीक्षण गरी लगत कट्टा गरेको छ।

महालेखा परीक्षकको आर्थिक वर्ष २०८०/८१ को प्रतिवेदनमा कानुनमै उल्लेख नभएको सुविधा पनि जनप्रतिनिधिहरूले लिएको औँल्याएको छ। जानकी गाउँपालिकाका जनप्रतिनिधिले समेत पोशाकसम्बन्धी सुविधा ऐनमा उल्लेख नभएपनि सो सुविधा लिएका छन्। गाउँपालिकाले तीन लाख ७१ हजार ९८४ रूपैयाँमा ३९ थान जरावर खरिद गरी २१ जना पुरुष र १८ जना महिला जनप्रतिनिधिलाई वितरण गरेको छ। महालेखा परीक्षकले सो कार्य नियमसम्मत नभएको भन्दै रकमलाई अनियमित भएको महलमा राखेको छ।

जानकी गाउँपालिकाका पदाधिकारीले समेत ऐनमा व्यवस्था नभएको अनुगमन भत्तावापत ११ हजार नौ सय रूपैयाँ बुझेका छन्। महालेखा परीक्षण प्रतिवेदनमा अध्यक्ष गणेश चौधरीले तीन हजार चार सय, उपाध्यक्ष लालमति कठरियाले चार हजार २५०, कार्यपालिका सदस्य लक्ष्मी चौधरीले चार हजार २५० रूपैयाँ अनुगमन भत्ता लिएको नियम सम्मत नभएको जनाएको छ।

जानकी गाउँपालिकाले वडा सदस्यहरूलाई साइकलसमेत वितरण गरेको छ। गाउँपालिकाले तीन लाख ३२ हजार ७८५ रूपैयाँमा ३१ थान साइकल खरिद गरी जनप्रतिनिधिलाई वितरण गरेको महालेखा परीक्षण प्रतिवेदनमा उल्लेख छ। ऐनमा गाउँपालिका अध्यक्षलाई मात्रै सवारीसाधन सुविधा दिने उल्लेख गरेको छ। वडा सदस्यलाई यातायात सुविधा पाउने व्यवस्था गरिएको छैन। महालेखा परीक्षकले यसप्रकारको खर्च नियन्त्रण गर्न र जनप्रतिनिधिलाई दिएको साइकलको विवरण अद्यावधिक गरी राख्न सुझाव दिएको छ।

सुविधासम्बन्धी ऐनमा उल्लेख भए बाहेकका सुविधा दिन नमिल्ने र नेपालको संविधान बमोजिम स्थानीय जनप्रतिनिधिले तलबसमेत लिन नमिल्ने भएपनि जानकी गाउँपालिकाका जनप्रतिनिधिहरूले तलब पेश्कीको रूपमा पेश्की लिएको महालेखा परीक्षकले जनाएको छ।

प्रतिवेदनमा वडा नम्बर ७ का वडाध्यक्ष कमल महतोले सुविधाबाट कट्टा हुनेगरी एक लाख, कार्यपालिका सदस्य पार्वतीदेवी डगौराले सुविधाबाट कट्टा हुनेगरी ६० हजार, वडा नम्बर ४ की वडा सदस्यले पुस र माघको सुविधाबाट कट्टा हुनेगरी १५ हजार ८४० र अर्की वडा सदस्य राधा भुलले फागुनदेखि जेठसम्मको सुविधाबाट कट्टा हुनेगरी ५० हजार रूपैयाँ पेश्की लिएको उल्लेख छ।

बर्दगोरिया गाउँपालिकाका पाँच जना वडाध्यक्षहरूले दोहोरो यातायात सुविधा लिएका छन्। गाउँपालिकाबाट मोटरसाइकल सुविधा लिइरहेका वडाध्यक्षहरूले जनही १८ हजारका दरले यातायात सुविधा लिएका छन्। सो रकम दोहोरो परेको भन्दै महालेखा परीक्षकले असुल गर्न निर्देशन दिएको छ।

भजनी नगरपालिकाले पदाधिकारी सुविधावापत ९६ लाख २३ हजार १२० र पदाधिकारी बैठक भत्तावापत १७ लाख ६३ हजार रूपैयाँ खर्च गरेको छ। चुरे गाउँपालिकाले पदाधिकारी सुविधामा ५८ लाख ७८ हजार ९९७, पदाधिकारी बैठक भत्तामा तीन लाख ८८ हजार पाँच सय र पदाधिकारीलाई भ्रमण तथा अनुगमन खर्च २० लाख ४० हजार ८४२ रूपैयाँ खर्च गरेको छ।

पदाधिकारी सुविधामा धनगढी उपमहानगरपालिकाले दुई करोड २२ लाख २९ हजार ७८७, घोडाघोडी नगरपालिकाले एक करोड १२ लाख ७१ हजार, गोदावरी नगरपालिकाले एक करोड १७ लाख ५८ हजार पाँच सय, जोशीपुर गाउँपालिकाले ८३ लाख ६८ हजार ६११, मोहन्याल गाउँपालिकाले ६१ लाख ५२ हजार पाँच सय, टीकापुर नगरपालिकाले एक करोड ३३ लाख ७२ हजार ८३, कैलारी गाउँपालिकाले ८४ लाख ९९ हजार ३६८ र बर्दगोरिया गाउँपालिकाले ५४ लाख आठ हजार ५८ रूपैयाँ खर्च गरेको छ।

पदाधिकारी बैठकमा घोडाघोडीले १३ लाख ६० हजार, जोशीपुरले ११ लाख ८२ हजार, मोहन्यालले चार लाख ८० हजार २७ र बर्दगोरिया गाउँपालिकाले १० लाख रूपैयाँ खर्च गरेको छ। पदाधिकारी भ्रमणमा गोदावरीले २७ लाख ८३ हजार २५५ र गौरीगंगाले ३० लाख ६० हजार ८४७ रूपैयाँ खर्च गरेको छ। पदाधिकारी सुविधा, बैठक र भ्रमण तथा अनुगमन खर्च आन्तरिक आयसँग तादम्यता मिलाइ मापदण्ड बनाएर खर्च गर्न महालेखा परीक्षकले सुझाव दिएको छ।

# बन्धातालमा ५ करोड ४३ लाखका संरचना निर्माण सुरु

मिसन संवाददाता
*कञ्चनपुर, २९ जेठ*



कञ्चनपुरको बेलौरी नगरपालिका वडा नम्बर १, २ र ३ मा पर्ने पर्यटकीय क्षेत्र बन्धातालमा मंगलबार नगर प्रमुख पोतिलाल चौधरीद्वारा ५ करोड ४३ लाख रूपैयाँको लागतमा निर्माण हुन लागेका भौतिक संरचनाहरूको शिलान्यास गरिएको छ। उक्त संरचना निर्माण कार्य नगरपालिकाको गौरवको योजनाअन्तर्गत सुरु गरिएको हो।

बन्धाताललाई आधुनिक पर्यटकीय गन्तव्य बनाउने लक्ष्यसहित बजेट माग गरिएकोमा प्राप्त बजेटबाट उक्त कार्य सुरु गरिएको बताउँदै नगर प्रमुख चौधरीले बन्धाताललाई नगरको गौरवका रूपमा लिइएको उल्लेख गरे।

यसले सीमावर्ती क्षेत्रका पर्यटक आकर्षित गर्ने र स्थानीय रोजगारी सिर्जना हुने उनले विश्वास व्यक्त गरे। 'बन्धाताल हाम्रो प्राकृतिक धरोहर हो,' नगरप्रमुख चौधरीले भने, 'यसको संरक्षण र प्रवर्द्धनमार्फत् बेलौरीको आर्थिक समृद्धिमा ठूलो टेवा पुग्नेछ। हामी संघीय तथा प्रदेश सरकारसँग थप बजेटको माग गर्दै परियोजनालाई पूर्णता दिने योजनामा छौँ।' उनले बन्धाताललाई प्रादेशिक तथा राष्ट्रियस्तरमा चिनाउन आवश्यक प्रचारप्रसारको रणनीति पनि बनाइने उल्लेख गरे।

बेलौरी नगरपालिकाका इन्जिनियर जगदिश जोशीका अनुसार योजना २०७९/८० सालमै प्रस्तावित भएको थियो भने विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार बन्धातालको सम्पूर्ण विकासका लागि करिब २७ करोड रूपैयाँ लागत अनुमान गरिएको छ। 'हामी चरणबद्ध रूपमा बजेट जुटाउँदै परियोजना सम्पन्न गर्ने तयारीमा छौँ,' इन्जिनियर जोशीले भने, 'हालको काम सफलतापूर्वक सम्पन्न भएपछि अर्को चरणमा थप पूर्वाधार निर्माण गरिने छ।'

नगरपालिकाले परियोजना सफलतापूर्वक सम्पन्न भएपछि बन्धाताल क्षेत्रको पर्यटन, व्यापार तथा स्थानीय पूर्वाधारको अभूतपूर्व विकास हुन अपेक्षा गरेको छ। शिलान्यास कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत गणेशसिंह ऐरी, वडा अध्यक्षहरू, निर्माण कम्पनीका प्रतिनिधि, इन्जिनियरहरूको टोली र स्थानीय प्रतिनिधिहरूको समेत उल्लेखनीय उपस्थिति रहेको थियो। त्यसक्रममा नगरप्रमुख चौधरीसहितको टोलीले ताल वरिपरि नापजोख भइसकेको क्षेत्रको स्थलगत अनुगमन समेत गरेको छ।

बहुआयामिक योजनाअन्तर्गत ५ करोड ४३ लाख ११ हजार २२२ रूपैयाँको लागतमा सुरु गरिएको बन्धाताल सुधार परियोजनाको निर्माण कार्य दाउत निर्माण सेवा र भूमिराज कन्सट्रक्सनले संयुक्त रूपमा गरिरहेका छन्।

यही जेठ ९ गते सम्झौता भएको उक्त योजना कार्य २०८३ असार मसान्तसम्म सम्पन्न गरिसक्नुपर्ने छ। निर्माण कम्पनीका आधिकारिक प्रतिनिधि दाउत तामाङले तोकिएको म्यादभित्रै काम सम्पन्न गर्ने प्रतिबद्धता जनाएका छन्। हाल आरसीसी संरचना, पर्खाल निर्माण तथा माटो भरानको काम तीव्र गतिमा अघि बढिरहेको छ।

# सुनचाँदी व्यवसायीको चाबीसहित र्‍याली

मिसन संवाददाता
*धनगढी, २९ जेठ*




सरकारले ल्याएको नयाँ कर प्रणालीविरुद्ध सुनचाँदी व्यवसायी आन्दोलित बनेका छन्। आन्दोलनका विभिन्न कार्यक्रमअनुसार उनीहरूले बिहीबार धनगढी चौराहादेखि जिल्ला प्रशासन कार्यालयसम्म हातमा चाबी लिएर विरोध र्‍याली निकालेका हुन्।

नयाँ कर प्रणाली खारेजीको माग गर्दै उनीहरू आन्दोलित बनेका हुन्। प्रत्येक जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत् ज्ञापनपत्र बुझाएर सुरु भएको आन्दोलन नियमितरूपमा अघि बढाइने उनीहरूको दाबी छ।

सुनचाँदी तथा हिरा जडित गहनाको कारोबारमा फिर्ता बिक्री प्रक्रिया अवलम्बन हुने हुँदा किनिएको मूल्यभन्दा बिक्री मूल्य फरक हुनुपर्ने स्वाभाविक अवस्था रहेको नेपाल सुनचाँदी व्यवसायी संघ कैलालीका अध्यक्ष यदु सुनारले बताए।

यस्तो प्रक्रियाले व्यवसायमा घाटा पुऱ्याउने भन्दै यसमा पुनर्विचार गर्न उनले माग गरे। हाल लागु भएको १३ प्रतिशत भ्याट तत्काल हटाउन र सरलीकृत कर नीतिहरू निर्माण गर्न उनले माग गरे। कर संरचना परिवर्तन नगरी पूर्ववर्ती अवस्था कायम राख्नसमेत सुनचाँदी व्यवसायीहरूको माग छ। निर्यात हुने सुनचाँदीमा ५ प्रतिशत टीडीएस हटाउने व्यवस्था मिलाउनसमेत माग गरेका छन्।

हालको कर संरचनाले व्यवसाय, रोजगारी तथा बजारमा प्रतिकूल असर पार्ने खतरा रहेको छ। भारतीय बजारको तुलनामा नेपाली सुनचाँदी गहनाको मूल्य अत्यधिक महँगो हुने स्थिति आउँदा कालोबजारी तथा चोरी पैठारी बढ्न सक्ने चिन्ता पनि व्यक्त गरिएको छ। व्यवसायीहरूले सरकारलाई अविलम्ब वैठक गरी समस्या समाधान गर्न आग्रह गरेका छन्, अन्यथा थप आन्दोलन चर्काउने चेतावनीसमेत दिएका छन्।

## सुदूरपश्चिम प्रदेश सभा बैठक आज बस्दै

**धनगढी।** सुदूरपश्चिम प्रदेश सभाको छैटौँ अधिवेशनको दशौँ बैठक आज बस्ने भएको छ। २६ गते नीति तथा कार्यक्रम पारित गरी अनिश्चित बनेको सभाको बैठक आज विहान ८ बजे बस्ने भएको हो।

बिहीबार प्रदेश सभा सचिवालयमा सूचना टाँस र प्रदेश सभा सदस्यहरूलाई म्यासेज गर्दै बैठक बस्नेबारे जानकारी दिइएको छ। बिहान ८ बजे बस्ने बैठकमा आर्थिक वर्ष २०८१/८२ को आर्थिक सर्वेक्षण सभामा पेश हुने कार्यसूचि रहेको छ।

आर्थिक मामिला मन्त्री बहादुरसिंह थापाले सभामा सो सर्वेक्षण पेश गर्नेछन्। सोही सर्वेक्षणलाई आधार बनाइ आगामी आर्थिक वर्षको बजेट समावेश गरिनेछ।

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०२/२९ गते**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएर उत्पादन भई घाटगद्दी गरी राखिएको अस्ना जातको काठ जम्मा गो.स. २६ को जम्मा ९५.३१ क्यूफिट, खयर १२६ जम्मा २३८.५५ क्यूफिट, साल २३ जम्मा १०९.९७ काठ बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ती, संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी २२औं दिनको १:०० बजे सावउसको कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

अध्यक्ष
**सुन्दर सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी न.पा.-४, कैलाली**

# दूध उत्पादनले फेरियो साटाफाँटवासीको जीवनशैली

**साटाफाँट बस्तीका ३० घरधुरीले २ देखि ९ वटासम्म भैंसीपालन गरेका छन् । उनीहरू सबैले दैनिक १८ लिटरदेखि ५० लिटरसम्म दूध उत्पादन गर्दछन् । दैकिक बिहान ६ बजे र दिउँसो ४ बजे २ पटक दूध दुहेर बिक्री गर्दै आएका हुन् । उनीहरू सबै प्रगतिशील कृषि तथा दूध संकलन केन्द्रमा आबद्ध छन् । यस संकलन केन्द्रलाई कृषि क्षेत्र विकास कार्यक्रम सुर्खेतले दुग्ध मूल्य श्रृंखला कार्यक्रमअन्तर्गत सहयोग गर्दै आएको छ । उक्त सहयोगको फाइदा सबै किसानले समानरूपले लिएका छन् ।**

**नन्दराम जैशी**
*सुर्खेत, २९ जेठ*





'पहिले पहिले दूध बेच्नका लागि हिंडेर वीरेन्द्रनगर बजार जानुपर्थ्यो । त्यसैमा जंगलको बाटो । लुटपाट र बलात्कार जस्ता घटनाको त्रास हुन्थ्यो,' इन्द्राकुमारी तिमिल्सिनाले भनिन्, 'अहिले झिसमिसे उज्यालोमै दूध किन्न डेरी व्यवसायी घरमै पुग्छन् । यसले न बजार धाउने पीडा छ, नत जंगलको बाटोको त्रास ।'

उनी लेकवेशी नगरपालिका-१० साटाफाँटकी भैंसीपालक किसान हुन् । हाल उनीसँग २ वटा भैंसी र ३ वटा गाई छन् । जसमा ३ वटा दुहुना छन् । दूध बेचेरै उनले वार्षिक ९/१० लाखको कारोबार गर्दै आएकी छिन् ।

'हरेक दिन बिहान ४ बजे उठ्नुपर्छ । गाई, भैंसीलाई घाँस हालेर दुहुँदा दुहुँदै उज्यालो हुन्छ । दूध किन्न डेरी व्यवसायी पनि घरमै आइपुग्छन्,' उनले थपिन्, 'दैनिक सरदरमा ४०-५० लिटर दूध उत्पादन हुन्छ । यही दूध बेचेरै कमाएको पैसाले छोरालाई बोर्डिङ स्कुल पढाएकी छु भने घरखर्च सजिलै चलेको छ । पशुका लागि आहारा तथा उपचार खर्च गरेर पनि मासिक केही रकम बचत हुन्छ ।'

दूध बेचेर आफ्नो जीवनशैलीनै परिवर्तन भएको इन्द्राकुमारी बताउँछिन् । उनको यो व्यवसायमा प्रायः सासु, ससुराले नै बढी सघाउँछन् भने उनका श्रीमान घरबाहिरको काममा व्यस्त रहन्छन् । भैंसीपालन व्यवसायबाट दूध बेचेर कमाएको पैसाले उनको परिवारले सुख र खुसीको महसुश गरेका छन् ।

अन्न उत्पादनभन्दा पशुपालनबाट मनग्य फाइदा हुने उनको अनुभव छ । '५ कट्ठा जग्गामा धानखेती गर्दा ३० हजार मात्रै कमाइ हुन्थ्यो । अहिले दूध बेचेरै मासिक ३० हजारबढी कमाइ हुन्छ,' उनले भनिन्, 'गाउँमै बसेर भैंसीपालन गर्दा कामका लागि विदेशिनु परेको छैन । घरमै खुसीले काम गरेर सुखले खान पाइएको छ । गाई, भैंसी खोरदेखि घर, आँगन र व्यक्तिगत सरसफाइमा पनि ध्यान दिन समय पुगेको छ ।'

उनी एक उदाहरणीय पात्र मात्रै हुन् । साटाफाँट बस्तीका ३० घरधुरीले २ देखि ९ वटासम्म भैंसीपालन गरेका छन् । उनीहरू सबैले दैनिक १८ लिटरदेखि ५० लिटरसम्म दूध उत्पादन गर्दछन् । दैकिक बिहान ६ बजे र दिउँसो ४ बजे २ पटक दूध दुहेर बिक्री गर्दै आएका हुन् ।

उनीहरू सबै प्रगतिशील कृषि तथा दूध संकलन केन्द्रमा आबद्ध छन् । यस संकलन केन्द्रलाई कृषि क्षेत्र विकास कार्यक्रम सुर्खेतले दुग्ध मूल्य श्रृंखला कार्यक्रमअन्तर्गत सहयोग गर्दै आएको छ । उक्त सहयोगको फाइदा सबै किसानले समानरूपले लिएका छन् ।

संकलन केन्द्रका अध्यक्षसमेत रहेका कृषक डिल्लीप्रसाद ढकालका अनुसार यस कार्यक्रमको सहयोगपछि किसानलाई भैंसीपालनमा सहज भएको छ भने दूध उत्पादन वृद्धि भएर जीविकोपार्ननमा सुधार आएको छ । दुग्ध मूल्य श्रृंखला कार्यक्रमअन्तर्गत सबै किसानले गाई, भैंसीपालनका लागि भकारो सुधारको काम जारी राखेका छन् ।

यो कार्यक्रमबाट घाँस काट्ने मेसिन, खेत जोत्ने मेसिन, धान काट्ने र आलु ड्याङ पार्ने मेसिन किसानलाई सहयोग गरिएको छ भने कुटानी पिसानीमा सहजताका लागि २ वटा मिल सञ्चालन गरिएको छ । उक्त औजारको प्रयोगले किसानलाई काममा छिटो छरितो हुनुका साथै कार्यबोझ निकै कम भएको ढकालले बताए ।

'पहिले ४ माना दूध बेच्नका लागि पनि दूध बोकेर वीरेन्द्रनगर बजार जानुपर्थ्यो । त्यसैमा कत्तिले दूध बेच्ने भनेर गिज्याउँथे, कत्तिले उधारो भन्दै ठग्दथे,' उनले भने, 'कहिलेकाहीँ त दूध बेचेको पैसाले खाजा, खाना खाँदा रित्तै घर आउनुपर्थ्यो । अहिले दूध किन्न व्यवसायी घरमै पुग्छन् । न ठगिने चिन्ता छ, न त बजार धाउने पीडा ।'

हाल उनीसँग २ वटा भैंसी छन् । दूध बेचेरै उनले वर्षमा १ लाखबढीको कारोबार गर्दै आएका छन् । दूध उत्पादनले समग्र साटाफाँटवासी किसानको जीवनशैली फेरिएको छ । नियमित दूधजन्य पदार्थको सेवनले स्वास्थ्यमा सुधार आएको छ भने दूध बेचेर कमाएको पैसाले बालबालिकाको शिक्षामा लगानी गर्न सहज भएको छ ।

**गोठेमल धमाधम बिक्री**

साटाफाँटका किसानले उत्पादन गरेको दूध मात्रै होइन । मल पनि धमाधम बिक्री हुन थालेको छ । दूधसँगै गोठेमल पनि बिक्री हुँदा यहाँका किसान निकै खुसी भएका छन् भने उनीहरूको थप आम्दानीको स्रोत पनि बढेको छ । आफ्नो खेतबारीमा प्रयोग गरेर बाँकी रहेको मल उनीहरूले बिक्री गर्दै आएका छन् ।

म्ल किन्न किसान तथा व्यवसायीहरू घरमै आइपुग्ने गरेको कृषक लक्ष्मी लामिछानेले बताइन् । उनका अनुसार प्रतिट्याक्टर ट्रलीको ३ हजार ५०० देखि ४ हजार रूपैयाँसम्म मल बिक्री हुने गरेको छ । यस वर्ष उनले ३ ट्रली बढी मल बिक्री गरेकी छिन । 'खेतबारीमा अन्न उत्पादनभन्दा पशुपालनका लागि आवश्यक घाँस खेती गर्दा बढी फाइदा हुने रहेछ,' उनले भनिन्, 'पहिले कुनै रोग लागेर पशु चौपाया मर्दा रोएरै कट्टा हुन्थ्यो, तर अहिले बीमा गर्दा रुनुपर्ने दिन पनि गए ।'

दुग्ध मूल्य श्रृंखला कार्यक्रमबाट पाएको मेसिन, औजारको सहायताले भैंसीका लागि घाँस तथा अन्नबाली काट्नदेखि लगाउनसम्म सहज भएको उनले बताइन् । यसले घाँसका लागि दिनभर जंगल धाउनुपर्ने पीडा अन्त्य भएको उनको भनाइ छ । उनले भनिन्, 'हाल मैले गोठेमलसँगै दैनिक २० लिटर दूध बिक्री गर्दै आएकी छु । चिसोको समयमा धेरै दूध उत्पादन हुन्छ । तर त्योबेला बिक्री कम हुँदा समस्या हुन्छ ।'

दूध कम बिक्री हुने महिनामा छुर्पी, मिठाइ लगायतका परिकार बनाउने तालिम र उपकरण सहयोग गरिदिन साटाफाँटवासीले अनुरोध गरेका छन् । यस्तै भकारो सुधार गरेपनि गाई, भैंसीका लागि बस्न म्याटको आवश्यकता रहेको कृषक विष्णुप्रसाद सुवेदीले बताए ।

कृषि क्षेत्र विकास कार्यक्रम सुर्खेतका पोषण कार्यक्रम अधिकृत रुद्र आचार्यका अनुसार कर्णाली प्रदेशका १० जिल्लाका ५८ वटा स्थानीय तहमा दुग्ध मूल्य श्रृंखला कार्यक्रम लागु भएको छ । यो कार्यक्रममा २४३ वटा समूह, सहकारी आबद्ध छन् भने ६ हजार ९०१ घरधुरी लाभान्वित भएका छन् । जसमा सुदृढ बजार सम्बन्ध भएका समूहको सङ्ख्या ८२ वटा रहेको आचार्यले जानकारी दिए ।

# दश महिनामा १३ खर्ब ५६ अर्ब ६१ करोड विप्रेषण आप्रवाह

**मिसन संवाददाता**
*काठमाडौँ, २९ जेठ*



चालू आर्थिक वर्षको दश महिनामा रु १३ खर्ब ५६ अर्ब ६१ करोड विप्रेषण आप्रवाह भएको छ । नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्षको दश महिनाको तथ्याङ्कमा आधारित भएर मंगलबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक प्रतिवेदनअनुसार गत वैशाख मसान्तसम्म उक्त रकम स्वदेश भित्रिएको हो ।

वैशाख महिनामा मात्र रु एक खर्ब ६५ अर्ब ३० करोड भित्रिएको थियो । गत वैशाख मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि चार लाख पाँच हजार ६१० जनाले अन्तिम स्वीकृति र दुई लाख ८० हजार ३१४ ले पुनः श्रम स्वीकृति लिएका छन् ।

प्रतिवेदनअनुसार वैशाख मसान्तसम्ममा मुलुकको चालू खाता रु दुई खर्ब ५५ अर्ब ९३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु एक खर्ब ९३ अर्ब ३१ करोडले बचतमा थियो ।

वैशाख मसान्तसम्ममा खुद पुँजीगत ट्रान्सफर रु आठ अर्ब ४८ करोड रहेको छ भने रु १० अर्ब ६० करोड बराबर प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ । समीक्षा अवधिमा शोधनान्तर बचत रु चार खर्ब ३८ अर्ब ५२ करोड रहेको छ । विदेशी विनिमय सञ्चिति रु २५ खर्ब १२ अर्ब ९५ करोड पुगेको छ ।

समीक्षा अवधिको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रमा रहेको विदेशी विनिमय सञ्चितिले १७ दशमलव चार महिनाको बस्तु आयात र १४ दशमलव छ महिनाको बस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने केन्द्रीय बैंकले जनाएको छ ।

## वीरगञ्ज भन्सारमा पेट्रोलियम पदार्थ र सवारीसाधनको धेरै राजस्व

**वीरगञ्ज** (पर्सा) । वीरगञ्ज भन्सार कार्यालयले चालू आवको १० महिनाको अवधिमा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट रु ६४ अर्ब ५० करोड राजस्व संकलन गरेको छ । कार्यालयले चालू आवको १० महिनामा पाँच थरिका पेट्रोलियम पदार्थ आयात गर्नका लागि रु एक खर्ब ५५ अर्ब ९४ करोड रकम खर्चिएको छ ।

आयातबाट प्राप्त कूल राजस्वमा मुख्य २० बस्तुबाट प्राप्त राजस्वको योगदानमा पेट्रोलियम पदार्थको हिस्सा भने ४६ दशमलव २६ प्रतिशत रहेको छ । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछाने यहाँको भन्सारको मुख्य राजस्वको स्रोत नै पेट्रोलियम पदार्थको आयात र सवारीसाधनको आयातमा निर्भर रहेको बताए ।

त्यस्तै दोस्रो धेरै राजस्व भने यातायात साधन र तिनका पार्टपूजा आयातबाट रु १५ अर्ब २४ करोड रकम प्राप्त गरेको छ । त्यस्तै आयातबाट प्राप्त राजस्वमा यातायातको साधन र पार्टपूर्जाको हिस्सा भने १० दशमलव ९३ प्रतिशत रहेको छ । त्यस्तै फलाम तथा फलामबाट बनेका सामानबाट भने पाँच अर्ब २५ करोड राजस्व संकलन गरेको छ । मेसिनरी तथा पार्टपूर्जा आयातबाट भने चार अर्ब ५५ करोड राजस्व संकलन गरेको छ । त्यस्तै इलेक्ट्रिक मेसिनरी,उपकरण र तिनका पार्टपूर्जा आयातबाट तीन अर्ब ३७ करोड राजस्व संकलन गरेको छ ।

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मिति २०८२/०१/१५ गते थलहबजार देखि कोहलपुर जाने क्रममा उच्च माध्यमिक शिक्षा परिषद्बाट प्राप्त चन्द्रकला नेपालीको नाममा रहेको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगाना सम्पर्क गरिदिनुहुन अनुरोध छ ।
**नाम:** चन्द्रकला नेपाली **ठेगाना:** छेडागाड, जाजरकोट
**रजिष्ट्रेशन नं.:** 676104070 **सिम्बल नं.:** 26100775
**सम्पर्क नं.:** 9800500007, 9868147044

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८२-०२-३० गते**
यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएर उत्पादन भई घाटगद्दी गरी राखिएको खयर जातको काठको सङ्ख्या १४८ थानको १२२.६१ घनफिट बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ एक्काईस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी २२औं दिनको १:०० बजे सावउसको कार्यालयमा दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि सावउसको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
अध्यक्ष
**सुनगाभा सामुदायिक वन उपभोक्ता समूह**
**बैजनाथ गाउँपालिका- २, बाँके**

**मदरसा मसऊदिया मजहरूल उलम**
**जानकी गा.पा.-५, बुढियागाउँ, बाँके**
**शिक्षक आवश्यकता**

गाउँ शिक्षा समितिको मिति २०८२/०१/२२ गतेको बैठकको निर्णय अनुसार मिति २०८२/०२/२६ को शिक्षा युवा तथा खेलकुद शाखा मानपुर, बाँके को च.नं. ११९ को पत्र अनुसार यस मदरसा मसऊदिया मजहरूल उलूमका लागि गा.पा. अनुदानबाट व्यवस्थापन हुने गरी प्रा.वि तह शिक्षक पदपूर्तिको लागि विज्ञापन अनुमति प्राप्त भए अनुसार तपसिलका योग्यता पुगेका उम्मेदवारहरूलाई दरखास्त आह्वानको लागि १५ दिने सूचना प्रकाशित गरिएको छ ।
**विज्ञापन नं.:** १/२०८१/०८२ **पद:** शिक्षक (गा.पा.अनुदान)
**पद संख्या:** १(एक) **तह:** प्रा वि तृतीय
**शैक्षिक योग्यता:** प्रविणता प्रमाणपत्र तह उत्तीण वा सो सरह ।
**उमेर:** १८ बर्ष पुरा गरी ४० ननाघेको ।
**विज्ञापन अवधि:** २०८२/०२/२९ गते देखि २०८२/०३/१ गतेसम्म
**विज्ञापन दस्तुर:** ११००/-
**तलब सुबिधा:** गा.पा. अनुदान नियमानुसार
**करार अवधि:** गा.पा. अनुदान प्राप्त भए सम्म
**परीक्षाको किसिम:** लिखित तथा अन्तरवार्ता
**परीक्षा मिति:** सम्पर्क मितिमा तोकिने छ ।
**सम्पर्क मिति:** २०८२/०३/१३
**सम्पर्क नं.:** ९८२९६२१७४६/९८१५५४८५८०
**संलग्न गर्नुपर्ने कागजातहरू**
१. शैक्षिक योग्यताको प्रतिलिपी २. नेपाली नागरिकताको प्रतिलिपी
३. निरोगिताको सक्कल प्रमाणपत्र
४. नेपाल बाहेक अन्यत्र देशबाट योग्यता प्राप्त गरेको भए समकक्षता प्रमाण पत्र

Mob:9829602188
लाइफलाइन जनरल हस्पिटल
डा. पारस श्रेष्ठ
एम.बी.बी.एस.एम.डी
कन्सल्टेन्ट फिजिसियन, मृगौला रोग विशेषज्ञ
अब डायलिसिस सेवा पनि
डा. क्रिस्टीन श्रेष्ठ

गणपति डेण्टल क्लिनिक
Mob:9742818406, 9808549451
डा. प्रतिक श्रेष्ठ
Dental-Maxillofacial-Trauma, Fixed Orthodontic & Implant Center

नेपालगञ्ज उप-महानगरपालिका-१३ सदरलाईन, सरस्वती स्कूल सामुन्ने, बाँके, फोन नं. : ०८१-५३३०७८

राष्ट्रपति रनिङ खेलकुद प्रतियोगिता

# एथलेटिक्समा प्रवीण र सङ्गीताद्वारा राष्ट्रिय कीर्तिमान

**मिसन संवाददाता**
*काठमाडौँ, २९ जेठ*

यहाँ जारी १५औँ केन्द्रीय राष्ट्रपति रनिङ खेलकुद अन्तरगत एथलेटिक्स प्रतियोगितामा बागमती प्रदेशका प्रवीण राना मगर र सुदूरपश्चिम प्रदेशकी सङ्गीता विकले नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका छन् ।



त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा प्रवीणले जुनियर छात्र एक सय मिटर दौड तथा सङ्गीताले जुनियर छात्रा चार सय मिटर दौडमा राष्ट्रिय कीर्तिमान बनाएका हुन् । कीर्तिमानबापत दुवैले जनही रु १० हजार नगद पुरस्कार पाउने छन् । रानामगरले निर्धारित दूरी १०.७६ सेकेन्डमा पूरा गर्दै कीर्तिमानी स्वर्ण जिते ।

यसअघि आशिष चौधरीको नाममा १०.९० सेकेण्डको कीर्तिमान थियो । उनले त्यो कीर्तिमान २०७० सालमा बनाएका थिए । कोशी प्रदेशका सुजन मण्डल दोस्रो तथा लुम्बिनी प्रदेशका शुभम बमरेल तेस्रो भए ।

धावक विकले निर्धारित दूरी १ मिनेट ०१.१९ सेकेन्डमा पूरा गर्दै कीर्तिमानसहित स्वर्ण जितिन् । उनीले २०७६ सालमा अरूणा रिजालले स्थापित गरेको एक मिनेट ०१.३० सेकेन्डको कीर्तिमान भङ्ग गरेकी हुन् । बागमतीकी अनिशा थारु दोस्रो र कर्णालीकी कृष्णा राना तेस्रो बने ।

युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा भइरहेको प्रतियोगिताको छात्रा एक सय मिटर दौडमा बागमतीकी दिना गोपाली पहिलो भइन् । उनीले १२.८१ सेकेन्ड समय लगाइन् । लुम्बिनीकी आरुशी भट्टराई दोस्रो तथा गण्डकी प्रदेशकी अनुष्का अधिकारी तेस्रो भए ।

छात्र चार सय मिटर दौडमा कर्णालीका धीरेन्द्र विकले स्वर्ण जिते । उनले निर्धारित दूरी पूरा गर्न ५१.८९ सेकेन्ड समय खर्चे । गण्डकीका प्रकाश महतोले रजत तथा सुदूरपश्चिमका विक्रम विष्टले काँस्य हात पारे ।

छात्र हाइजम्पमा बागमतीका अविनाश सुनार पहिलो भए । उनले १.६८ मिटर जम्प गरे । सुदूरपश्चिमका उज्वलकुमार विक दोस्रो तथा गण्डकीका विवेक महतो तेस्रो स्थानमा रहे । सो स्पर्धाको छात्रामा १.३८ मिटर जम्प गर्दै सुदूरपश्चिमकी सुस्मिता चौधरी शीर्ष स्थानमा रहिन् । गण्डकीकी सविता खातुन मियाँ दोस्रो तथा कर्णालीकी हीरा बुढा तेस्रो बने ।

सटपुटको छात्रमा सुदूरपश्चिमका विवेक चौधरी पहिलो भए । उनले १३.६१ मिटर टाढा फाले । लुम्बिनीका राजन भण्डारी दोस्रो तथा कर्णालीका केशव विक तेस्रो भए । उक्त स्पर्धाको छात्रामा बागमतिकी एलिना विकले स्वर्ण जितिन् । एलिनाले ८.६९ मिटर टाढा फालिन् । सुदूरपश्चिमकी पूजा साउदले रजत तथा लुम्बिनीकी सम्झना चौधरीले कांस्य जिते ।

छात्रा एक हजार पाँच सय मिटर दौडमा गण्डकीकी नारायणी भण्डारी पहिलो भइन् । नारायणीले ५ मिनेट ०३.९ सेकेन्डमा दूरी तय गरिन् । बागमतीकी भगवती खड्का दोस्रो तथा सुदूरपश्चिमकी देवकी धामी तेस्रो भए । प्रतियोगितामा २६ स्वर्णका लागि प्रतिस्पर्धा भइरहेको छ ।

# सुदूरपश्चिम खेलकुद परिषद्को सदस्यसचिवमा खड्का

**मिसन संवाददाता**
*धनगढी, २९ जेठ*



सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्को सदस्यसचिवमा लोकबहादुर खड्का (रवि) नियुक्त भएका छन् । सामाजिक विकास मन्त्रालयको सिफारिसमा प्रदेश मन्त्रिपरिषद्को बैठकले खड्कालाई सदस्यसचिवमा नियुक्त गरेको प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्कीले बताए ।

सदस्यसचिवमा नियुक्त भएका खड्काले खेलाडी र खेल क्षेत्रको विकासका लागि आफू लाग्ने बताए । उनले सुदूरपश्चिमका नौ वटै जिल्लाको खेलाडीको क्षमता अभिवृद्धि र खेलकुद क्षेत्रको विकासमा आफूले कार्य गर्ने बताए । उनले अहिले बजेट निर्माण भइसकेको र सरकारले कस्तो बजेट ल्याउँछ सोअनुसार आफू काम गर्न तयार रहेको बताए ।

झण्डै तीन महिनादेखि सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्को सदस्यसचिव पद रिक्त थियो । ०७७ चैतमा चार वर्षका लागि खेलकुद परिषद्को सदस्यसचिवमा दीपकबहादुर सिंह नियुक्त भएका थिए । उनको कार्यकाल ९ चैतदेखि सकिएको थियो । सोपश्चात सरकारले नयाँ सदस्यसचिव नियुक्त गर्न सकेको थिएन । उनी नियुक्त भएसँगै खेलाडीहरूमा केही आशा पलाएको जनाइएको छ ।

खड्का फुटबल र हक्कीका पूर्वखेलाडी हुन् । उनले आधा दर्जन बढी राष्ट्रिय फुटबल प्रतियोगिता खेलिसकेका छन् भने एउटा राष्ट्रिय हक्की खेल पनि खेलेका थिए । कैलाली जिल्ला कुस्ती संघका अध्यक्ष भइसकेका खड्का क्रिकेट विकास समिति क्षेत्र नम्वर ९ का कोषाध्यक्ष पनि थिए । तत्कालीन क्षेत्रीय खेलकुद विकास समितिको सदस्य भएर पनि खड्काले काम गरिसकेको अनुभव छ । उनी नेपाली काँग्रेसमा आबद्ध छन् ।

## नेपालले वेस्ट इन्डिजसँग ऐतिहासिक टी–२०आई शृंखला खेल्ने

**काठमाडौँ ।** नेपालले वेस्ट इन्डिजसँग ऐतिहासिक टी-२० शृंखला खेल्ने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले बिहीबार एक प्रेस विज्ञप्ति जारी गर्दै नेपाल र वेस्ट इन्डिजबीचको ऐतिहासिक टी-२० अन्तर्राष्ट्रिय सिरिजको घोषणा गरेको हो ।




नेपालले दुईपटकको टी-२० विश्वकप च्याम्पियन वेस्ट इन्डिजसँग टी- २० सिरिज खेल्न लागेको यो पहिलो पटक हुनेछ । आगामी सेप्टेम्बरमा यूएईको शारजाहमा टी- २० शृंखला हुनेछ । क्यानले वार्षिक क्यालेन्डरमा नै सेप्टेम्बरमा टेस्ट राष्ट्रसँग टी२०आई शृंखला खेल्ने कुरा समावेश गरेको थियो ।

यो सिरिज नेपाल क्रिकेटको लागि ऐतिहासिक मात्र नभई भविष्यका टी-२० विश्वकप एसिया छनोट को तयारीमा समेत महत्वपूर्ण मानिएको छ ।

विश्वकप छनोट यूएईकै छिमेकी देश ओमानमा अक्टोबरमा हुँदैछ । क्यानले वेस्ट इन्डिज क्रिकेट बोर्ड र एमिरेट्स क्रिकेट बोर्डलाई यस ऐतिहासिक श्रृङ्खलामा सहकार्य गरेकोमा धन्यवाद दिएको छ । यसअघि गत वर्ष वेस्ट इन्डिजको ए टोली नेपालमै आएर टी-२० शृंखला खेलेको थियो ।

# प्लस टु एसइइ फुटसल प्रतियोगिता गर्दै एलायन्स

**मिसन संवाददाता**
*कैलाली, २९ जेठ*

कैलालीको धनगढीमा प्रथम एलायन्स प्लस टु पोष्ट एसइइ फुटसल प्रतियोगिता हुने भएको छ । 'खेल स्वास्थ्यका लागि, विद्यार्थी राष्ट्रका लागि' भन्ने मूल नारासहित एलाइन्स प्लस टु धनगढीले आयोजनामा शुक्रबारदेखि प्रतियोगिता गर्न लागेको हो ।

धनगढी उपमहानगरपालिका ४ सौराई स्क्वायरमा आयोजना हुने फुटसल प्रतियोगिता ३० देखि ३१ गतेसम्म हुनेछ । प्रतियोगीताका खेलहरू फुटसल खेल नियमको अधिनमा रही नकआउट स्वरूपमा खेलाइने प्राचार्य मनोज पन्तले जानकारी दिए । प्रतियोगितामा सहभागी खेलाडीहरूको जुत्ता र ड्रेस अनिवार्य हुनुपर्नेछ ।

साथै बिहीबार कलेजमा नै प्रतियोगितामा सहभागी हुने टिमहरूको टाइसिट सार्वजनिक गरिएको छ । खेलाडीहरू र खेलाडी व्यवस्थापकले खेल अवधिभर धुम्रपान, मद्यपान तथा लागूऔषधजन्य पदार्थ सेवन गर्न गराउन पाइने छैन । खेलाडीहरूलाई चोटपटक लागेमा प्राथमिक उपचार आयोजकको रहनेछ भने सो बाहेकको उपचार एवम् अन्य दुर्घटना टिम आफैं जिम्मेवारी हुनुपर्नेछ । खेलाडीहरूको खाना र बस्नको सम्पूर्ण प्रबन्ध टिम आफैँले व्यवस्थापन गर्नुपर्नेछ । प्रतियोगीतामा सहभागी टिमले ९ जना खेलाडी र २ जना अफिसियल गरी ११ जनाको अन्तिम नामावली दर्ता गरिएको छ ।

प्रतियोगितामा प्रथम पुरस्कार नगद २० हजार, ट्रफी प्रमाणपत्र र सय प्रतिशत छात्रवृत्ति कक्षा ११ को मासिक शुल्कमा दिइनेछ भने दोस्रो पुरुस्कार नगद १० हजारसहित ट्रफी, प्रमाणपत्र र ६० प्रतिशत छात्रवृत्ति कक्षा ११ को मासिक शुल्कमा दिइनेछ तथा तृतीय पुरस्कार नगद दुई हजार पाँच सयसहित ट्रफी, प्रमाणपत्र र ५० प्रतिशत छात्रवृत्ति कक्षा ११ को मासिक शुल्कमा दिइने प्रतियोगिताका संयोजक राजेन्द्र जोशीले बताए ।

यस्तै, उत्कृष्ट खेलाडी एक जनालाई प्रमाणपत्र र सय प्रतिशत छात्रवृत्ति कक्षा ११ को मासिक शुल्कमा दिइनेछ भने उत्कृष्ट गोलकर्ता खेलाडी एक जनालाई प्रमाणपत्र र ५० प्रतिशत छात्रवृत्ति कक्षा ११ को मासिक शुल्कमा दिइनेछ । साथै, उत्कृष्ट गोलरक्षक एक जनालाई प्रमाणपत्र र ५० प्रतिशत छात्रवृत्ति कक्षा ११ को मासिक शुल्कमा दिइने बताइएको छ ।




## नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

**नियमित स्वास्थ्य परीक्षण किन ?**

- प्राणघातक रोगहरूको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

**त्यसैले,**

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रूपमा परीक्षण गराऔं,
- स्वस्थ र निरोगी बनौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल




**मिसन टुडे राष्ट्रिय दैनिकका लागि प्रकाशक/सम्पादकः** बिनोद पौडेल । **कार्यकारी सम्पादकः** कृष्ण ओली । **कर्पोरेट कार्यालयः** काठमाडौं-१३, सेतोपुल । **प्रादेशिक कार्यालयः** वीरेन्द्रनगर सुर्खेत । धनगढी कैलाली र लुम्बिनी दाङ । गण्डकी पोखरा **शाखा कार्यालयः** गुलरिया तथा बाँसगढी, बर्दिया र रुपन्देही बुटवल । **प्रधान कार्यालय :** कोहलपुर-११, बाँके । **फोनः** ०८१-५४१६०८, ९८५८०२३०६९ । **मुद्रणः** मिसन अफसेट प्रेस, कोहलपुर (बाँके)